# प्रभाव दैनिक
National Daily



**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदशी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रुपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १३ | अंक २८ | काठमाडौं | बिहीबार, ७ जेठ २०८३ | Prabhab National Daily | Thursday, 21 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।–


# भारत भ्रमणमा जाँदै परराष्ट्रमन्त्री खनाल

## प्रधानमन्त्री शाहको भारत भ्रमण तय गराउने लक्ष्य

■ प्रभाव संवाददाता



- यही जेठ १८ गते भारत प्रस्थान गर्ने तयारी
- नयाँ दिल्लीमा जेठ १९ र २० गते चल्ने सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसमेत सहभागी हुने
- भ्रमणको मुख्य उद्देश्य प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण तिथि तय गराउने
- भ्रमणको क्रममा परराष्ट्रमन्त्री खनालले मोदी, भारतीय विदेशमन्त्री एस जयशंकर र वाणिज्यमन्त्री पियुष गोयलसँगसमेत भेटवार्ता गर्ने

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनाल भारत भ्रमणमा जाने भएका छन् । यही जेठ १९ र २० गते भारतको नयाँ दिल्लीमा हुन लागेको वन्यजन्तुसम्बन्धी कार्यक्रममा भाग लिन मन्त्री खनाल १८ गते त्यसतर्फ जान लागेको परराष्ट्र स्रोतले जनायो ।

बाघ, चितुवालगायत वन्यजन्तु संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समूह 'बिग क्याट अलायन्स'को आयोजनामा हुन लागेको उक्त सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसमेत सहभागी हुने बताइएको छ । उक्त भ्रमणको क्रममा परराष्ट्रमन्त्री खनालले मोदी, भारतीय विदेशमन्त्री एस जयशंकर र वाणिज्यमन्त्री पियुष गोयलसँगसमेत भेटवार्ता गर्ने बताइएको छ ।

यो भेटमा खनालले प्रधानमन्त्री वालेन्द्र शाहलाई भारत भ्रमणमा लैजाने वातावरणसमेत बनाउने बताइएको छ । भ्रमणको मुख्य उद्देश्य प्रधानमन्त्री शाहको भारत भ्रमण तिथि तय गराउने रहेको परराष्ट्र मन्त्रालय स्रोतको दाबी छ । 'परराष्ट्रमन्त्रीको यो भ्रमणले प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणसमेत तय हुने हामीले आशा गरेका छौं,' स्रोतले भन्यो ।

नेपाल–भारतको सम्बन्ध चिसिँदै गएको अवस्थामा नयाँ सरकारका मन्त्रीले पहिलोपटक भारत भ्रमण गर्न लागेका हुन् । यसअघि एमाले र कांग्रेस गठबन्धनको सरकारमा परराष्ट्रमन्त्री रहेकी डा. आरजु राणा देउवा त्यतिबेलाका प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण मिलाउन पटक–पटक नयाँ दिल्ली पुगेकी थिइन् । तर ओलीलाई भारतले 'ग्रिन सिग्नल' दिएन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता शाह नेतृत्वको सरकार बनेपछि भारतले विदेशसचिव विक्रम मिश्रीलाई नेपाल पठाउन खोजे पनि उक्त कार्यक्रम स्थगित भएको थियो । यसै विषयमा सोमबार प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा प्रश्न उठ्यो ।

'भारतीय विदेशसचिव आउँदै गरेको तर हाम्रो प्रधानमन्त्रीले पोर्टफोलियो नमिलेका कारण भेट्न समय नदिएकाले नआएको भन्ने छ । यो के हो ?,' रास्वपाका सांसद सुरेन्द्र चौधरीले प्रश्न गरे । मिश्री विभिन्न कार्यक्रममा व्यस्त भएकोले भ्रमण स्थगित भएको आफूले जानकारी पाएको परराष्ट्रमन्त्री खनालको भनाइ थियो ।

संसदीय समितिमा उनले तत्कालका लागि मिश्रीको भ्रमण स्थगित भएको बताए । 'पछिल्लो समय केही महत्त्वपूर्ण मिटिङहरू इण्डियामा भएको कारणले गर्दा पोस्टपोण्ड भएको भन्ने जानकारी परराष्ट्र मन्त्रालयलाई प्राप्त भएको छ,' मन्त्री खनालले भने । वैशाख २८ गते मिश्री नेपाल आउने चर्चा चलेको थियो ।

पछिल्लो समय नेपाल–भारतबीच सीमा विवाद पुनः चर्किएको छ । नेपाललाई नसोधी भारत र चीनले लिपुलेकबाट मानसरोबर आउजाउको बाटो प्रयोग गरेपछि यो विवाद सतहमा आएको हो । यो भ्रमणमा सीमा विवादको विषयमासमेत छलफल हुने बताइएको छ । संसदीय समितिमा सांसदहरूले भारतसँग सम्बन्धित सीमा विवादको विषय पनि उठाए । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद प्रमेश हमालले लिपुलेकको बारेमा सरकारले कूटनीतिक नोट पठाएकोमा त्यसको जवाफ के आयो भनी प्रश्न गरेका थिए ।

'हामीले हाम्रो आफ्नो दावासहित नोट पठायौं । भारतले पनि त्यहाँ विवादित क्षेत्र हो । त्यो सीमाको विषयमा उहाँहरूले आफ्नो पनि क्लेम राखेकै विषय रहयो,' समितिमा मन्त्री खनालले जवाफ दिए ।


क्रमशः पृष्ठ २ मा


# संसद्मा सभामुख र साम्पाङबीच नोकझोक

## सभामुखले पटक–पटक सम्झाए नियमावली, साम्पाङले मागिरहे सरकारको जवाफदेहिता

■ जेबी योञ्जन



> सभामुखजस्तो तटस्थ रहनुपर्ने पदले सरकारका मन्त्रीहरूको बचाऊमा ढाल बनेर उभिनुले सभामुखको निष्पक्षता देखाएन । मेरो सुझाव छ, त्यसो नगर्नू, बेलैमा सच्चिनू ।
>
> **■ हर्क साम्पाङ**
> संसदीय दलका नेता, श्रम संस्कृति पार्टी



> तीन चोटि रूलिङ गरिसकेको छु । माननीयज्यू बस्नुस् । प्रश्न सोध्न पाउनुहुन्छ, मैले समय दिन्छु । तपाईंहरु हरेक दिन संविधान, कानुन र नियमावलीभन्दा फरक व्यवहार गरिरहनुभएको छ । नियमावलीको मर्यादाविपरीतका अभद्र व्यवहार यहाँहरूले गरिरहनुभएको छ ।
>
> **■ डोलप्रसाद अर्याल**
> सभामुख

**काठमाडौं–** प्रतिनिधिसभा बैठकमा बुधबार देखिएको दृश्य फरक थियो । बैठकमा सभामुख डोलप्रसाद अर्याल र हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीका सांसदहरूबीच टकराव उत्पन्न भयो । सोही बैठकको परिदृश्यले संसद्मा प्रतिपक्षी दलको भूमिका, अधिकार, सरकारको जवाफदेहिता र सभामुखको तटस्थ भूमिकामाथि प्रश्नसमेत उठ्यो ।

उसो त यही ४ जेठदेखि नै श्रम संस्कृति पार्टीका सांसदहरूले प्रतिनिधिसभा बैठकमा प्लेकार्डसहित विरोध जनाउँदै आएका छन् । बुधबार पनि त्यसै गरे । उनीहरूको मुख्य माग प्रधानमन्त्री वालेन्द्र शाह स्वयं संसद्मा उपस्थित भएर विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुपर्ने भन्ने छ । नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका प्रश्नहरूको पनि जवाफ दिनुपर्ने माग थियो । तर, प्रधानमन्त्री शाह लगातार संसद् बैठकमा अनुपस्थित छन् । यस्तोमा बुधबारको बैठक सुरु हुनासाथ साम्पाङ र उनका दलका सांसदहरूले प्लेकार्डसहित विरोध गरे । श्रम संस्कृति पार्टीका सांसदहरूले पालैपालो प्लेकार्डमा लेखिएका विभिन्न नाराहरू वाचन गरे । त्यसपछि सभामुख अर्याल थप आक्रामक बने । संसद् बैठक टकरावपूर्ण बन्यो ।

साम्पाङका दलका सांसदहरूले संसद् बैठक सुरु भएलगत्तै नाराबाजी र प्लेकार्ड प्रदर्शन गर्न थालेपछि सभामुख अर्यालले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३० अनुसार चेतावनी दिए । उनले संसदीय मर्यादा उल्लंघन भइरहेको भन्दै सांसदहरूलाई बस्न आग्रह गरे । 'तीनचोटि रुलिङ गरिसकेको छु । माननीयज्यू बस्नुस् । प्रश्न सोध्न पाउनुहुन्छ, मैले समय दिन्छु । तपाईंहरू हरेक दिन संविधान, कानुन र नियमावलीभन्दा फरक व्यवहार गरिरहनुभएको छ । नियमावलीको मर्यादाविपरीतका अभद्र व्यवहार यहाँहरूले गरिरहनुभएको छ,' सभामुख अर्यालले भने ।

चेतावनीपछि पनि श्रम संस्कृति पार्टीका सांसदहरू रोकिएनन् । अध्यक्ष साम्पाङ, महासचिव आरेन राई र सांसद ध्रुवराज राई उठेरै विरोध गरिरहे । सभामुखले माइक नदिए पनि साम्पाङले आफ्ना माग दोहोर्‍याए । 'हामीले प्रश्न गर्न पाउनुपर्छ । हाम्रा प्रश्नको मन्त्रीले उत्तर दिनुपर्छ, सत्तापक्षका सांसदले उत्तर दिने होइन,' उनले भने ।

सदनमा बढ्दो तनावबीच सभामुख अर्यालले पुनः नियमावलीको नियम २० (झ) र नियम २१ (क) उल्लेख गर्दै सांसदहरूको ध्यानाकर्षण गराए । नियम २० (झ) मा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था सिर्जना हुने काम गर्न नहुने उल्लेख छ भने नियम २१(क) मा सभामुखले नाम बोलाएपछि वा इसारा गरेपछिमात्र बोल्नुपर्ने व्यवस्था छ ।

यद्यपि, श्रम संस्कृति पार्टीका सांसदहरूले सभामुखकै भूमिकामाथि प्रश्न उठाए । नेता साम्पाङले बुधबार राति स्टाटस लेख्दै सभामुख अर्यालको निष्पक्ष र तटस्थ भूमिका नभएको भन्दै आलोचना गरे । उनले सभामुख अर्याललाई सच्चिन चेतावनीसमेत दिए । 'सभामुखजस्तो तटस्थ रहनुपर्ने पदले सरकारका मन्त्रीहरूको बचाऊमा ढाल बनेर उभिनुले सभामुखको निष्पक्षता देखाएन । मेरो सुझाव छ, त्यसो नगर्नू, बेलैमा सच्चिनू,' उनले लेखेका छन् ।

साम्पाङले सरकार संसद्प्रति उत्तरदायी नबन्दासम्म आन्दोलन नरोकिने चेतावनी पनि दिए । 'हामी विरोध गरिरहन्छौं, पाँचै वर्ष गर्छौं । यदि सरकारको आलोचना गर्दैमा र संसद्प्रति उत्तरदायी बनाउन खोज्दैमा निलम्बन गरिन्छ भने पनि हामी तयार छौं,' उनले चुनौतीपूर्ण भाषामा भने । साम्पाङसहित उनका दलका सांसदहरूले बोकेको प्लेकार्डहरूमा सरकार संसद्प्रति जवाफदेही बन्नुपर्ने र नभए राजीनामा दिनुपर्ने भन्ने थियो । गरिबमाथि सरकारले राज्यआतंक गर्न नहुने, प्रतिपक्षको आवाज दबाउन नपाइने, संसदीय सर्वोच्चता कायम गर्नुपर्नेजस्ता नारा उनीहरूको प्लेकार्डमा थियो ।

संघीय संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले भने विवादको मूल कारण संसदीय अभ्यासमै रहेको बताए । उनका अनुसार मन्त्रीले जवाफ दिँदादिँदै प्रतिपक्षले बीचमै स्पष्टीकरण सोध्ने अभ्यास अहिलेसम्म प्रतिनिधिसभामा स्थापित छैन । 'उहाँहरूको माग मन्त्रीले उत्तर दिँदादिँदै प्रश्न गर्न पाउनुपर्‍यो भन्ने हो,' गिरीले पत्रकारहरूसँग भने, 'आकस्मिक, विशेष र शून्य समयमा जवाफ दिँदा स्पष्टीकरण सोध्ने अभ्यास अहिलेसम्म छैन ।'


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

### प्रतिनिधिसभामा श्रममन्त्री यादव

# खाडी मुलुकमा घरेलु कामदार पठाउनेबारे संसदीय समितिको निर्देशन कुर्दै मन्त्रालय

## ठगी नियन्त्रणमा शून्य सहनशीलता नीति

■ प्रभाव संवाददाता



**काठमाडौं–** युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले खाडी मुलुकमा घरेलु कामदार पठाउन लगाइएको प्रतिबन्ध हटाउनेबारे अध्ययन भइरहेको जानकारी दिएका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उनले सो जानकारी दिएका हुन् ।

'संघीय समितिको संसदीय समितिबाट भएको निर्देशनबमोजिम नै श्रम मन्त्रालयले घरेलु श्रमिक पठाउन रोक लगाएको हो । तर भिजिट भिसा प्रयोग गरी र गैरकानुनी च्यानलबाट श्रमिक घरेलु कामदारको रूपमा खाडीमा पुगेका छन्,' मन्त्री यादवले भने, 'यसलाई सम्बोधन गर्न हामी रिभ्यु गर्दै छौं ।'

सरोकारवालासँग राय लिने चरणमा रहेको र घरेलु कामदारको संरक्षण र सुरक्षाका विषयमा अध्ययन भइरहेको उनले जानकारी दिए । 'यस विषयमा संसदीय समितिबाट स्पष्ट निर्देशन मन्त्रालयलाई प्राप्त होस् भन्ने अपेक्षा राखेका छौं,' उनले भने ।

मन्त्री यादवले वैदेशिक रोजगार ऐनलाई समयसापेक्षा बनाउन संशोधनको तयारी भइरहेको जानकारी दिए । जसमा भर्नाकर्ता (एजेन्सी), रोजगारदाता, कामदार र सरकारको साझा जवाफदेहिता, संयुक्त दायित्व र कडा अनुगमन प्रणाली लागू गराउन योजना बनाइएको उनको भनाइ छ ।

'वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउनेमात्र होइन स्वदेशमै पर्याप्त रोजगारी सिर्जना गरी युवा शक्तिलाई देशभित्र नै रोजगारीको अवसर उपलब्ध गराउने सरकारको पहिलो प्राथमिकता रहेको छ, यसमा मन्त्रालय प्रतिबद्ध छ,' मन्त्री यादवले भने, 'सीपयुक्त जनशक्ति उत्पादन गर्न विभिन्न तालिम तथा रोजगारमुखी कार्यक्रम सञ्चालनका लागि प्राथमिकताका साथ सम्बन्धित निकायहरूसँग निरन्तर सहकार्य भइरहेको छ ।'

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको सुरक्षा, स्वास्थ्य र समग्र अवस्थाप्रति सरकार पूर्णरूपमा चनाखो रहेको पनि उनले जानकारी दिए । 'विभिन्न कारणले विदेशका अस्पतालमा उपचाररत नेपाली श्रमिक तथा उद्धारको प्रतीक्षामा रहेका नेपालीहरूको विषयमा मन्त्रालय संवेदनशील रहेको छ । उनीहरूको उद्धार र सहयोगका लागि देशभित्रकै मौजुदा संयन्त्रहरू र विदेशस्थित राजदूतावासहरूबाट आवश्यक पहल नियमितरूपमा भइरहेको छ,' उनले भने ।

### ठगी नियन्त्रणमा शून्य सहनशीलता नीति

मन्त्री यादवले वैदेशिक रोजगारीको नाममा हुने ठगी, शोषण र अनियमितता नियन्त्रणका सरकारले 'शून्य सहनशीलता'को नीति लिएको बताए ।


क्रमशः पृष्ठ २ मा


# राष्ट्रिय जिडिपीमा बागमतीको योगदान उच्च, कर्णाली कमजोर

## प्रतिव्यक्ति आय सबैभन्दा कम मधेस प्रदेशमा

■ प्रभाव संवाददाता

**राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा प्रदेशगत योगदान**

| प्रदेश | जिडिपी | योगदान |
|---|---|---|
| बागमती | २४ खर्ब २३ अर्ब | ३६.७ प्रतिशत |
| कोशी | १० खर्ब ४३ अर्ब | १५.८ प्रतिशत |
| लुम्बिनी | ९ खर्ब ३७ अर्ब | १४.२ प्रतिशत |
| मधेस | ८ खर्ब ६३ अर्ब | १३.१ प्रतिशत |
| गण्डकी | ५ खर्ब ९३ अर्ब | ९.० प्रतिशत |
| सुदूरपश्चिम | ४ खर्ब ६४ अर्ब | ७.० प्रतिशत |
| कर्णाली | २ खर्ब ७७ अर्ब | ४.२ प्रतिशत |

*स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय*

**काठमाडौं–** मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा सबैभन्दा बढी योगदान बागमती प्रदेशको देखिएको छ । सबैभन्दा कम योगदान कर्णाली प्रदेशको रहेको पाइएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक कूल गार्हस्थ उत्पादन अनुमानको तथ्यांकले यस्तो अवस्था देखाएको हो ।

यस आवमा राष्ट्रिय वार्षिक कूल गार्हस्थ उत्पादन उपभोक्ता मूल्यमा ६६ खर्ब रूपैयाँबराबर हुने अनुमान गरिएको छ । जसमा बागमती प्रदेशको सबैभन्दा बढी २४ खर्ब २३ अर्ब रूपैयाँ अर्थात् ३६.७ प्रतिशत योगदान रहने उल्लेख छ । यसैगरी सबैभन्दा कम कर्णाली प्रदेशको दुई खर्ब ७७ अर्ब अर्थात् ४.२ प्रतिशत योगदान रहने प्रतिवेदनले देखाएको छ ।

बागमतीपछि क्रमशः कोशी प्रदेशको १० खर्ब ४३ अर्ब (१५.८ प्रतिशत), लुम्बिनी प्रदेशको नौ खर्ब ३७ अर्ब (१४.२ प्रतिशत), मधेस प्रदेशको आठ खर्ब ६३ अर्ब (१३.१ प्रतिशत), गण्डकी प्रदेशको पाँच खर्ब ९३ अर्ब (९.० प्रतिशत) र सुदूरपश्चिम प्रदेशको चार खर्ब ६४ अर्ब (७.० प्रतिशत) योगदान राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा रहने कार्यालयले जनाएको छ ।

चालु आवको प्रारम्भिक अनुमानबमोजिम स्थिर मूल्यमा मापन गरिएको उपभोक्ताको मूल्यको प्रादेशिक कूल गार्हस्थ उत्पादनको सबैभन्दा उच्च वार्षिक वृद्धिदर बागमती प्रदेशमा हुने प्रतिवेदनमा उल्लेख छ । बागमतीको कूल गार्हस्थ उत्पादन ५.४० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । बागमतीपछि गण्डकी प्रदेशको ५.०१ प्रतिशत वृद्धि हुने देखिन्छ । 'सबैभन्दा न्यून वार्षिक वृद्धिदर मधेस प्रदेश (१.३१ प्रतिशत) मा हुने प्रारम्भिक अनुमान रहेको छ । स्थिर मूल्यमा मापन गरिएको उपभोक्ता मूल्यको राष्ट्रिय कूल गार्हस्थ उत्पादन वार्षिक वृद्धिदर ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा बागमती र गण्डकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा बढी र बाँकी प्रदेशको राष्ट्रिय वार्षिक वृद्धिदरभन्दा कम हुने प्रारम्भिक अनुमान रहेको छ,' तथ्यांक कार्यालयले भनेको छ ।


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### संसद्मा...

बुधबारको बैठकमा साम्पाङसहितलाई रुलिङ गरेर सभामुख अर्याल निकै आक्रोशित भए । कतिसम्म भने उनले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३० मा बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न चेतावनी दिँदै नियम ३१ अनुसार चेतावनी नमान्ने सांसदलाई बैठक कक्षबाट निष्कासन गर्न सकिने व्यवस्थाबारे स्मरण गराए । साम्पाङले भने सभामुख अर्याललाई निष्कासन बेहोर्न तयार रहेको खुला चुनौती दिए । तर, संसद् सचिवालयले तत्काल निलम्बनको निष्कर्ष निकाल्न नमिल्ने बताएको छ । प्रवक्ता गिरीले भने, 'सभामुखले सभा सञ्चालनबारे ध्यानाकर्षण गराउनुभएको हो । त्यसैका आधारमा निष्कासनको तयारी हो भन्न सकिँदैन,' उनले पत्रकारहरूसँग भने ।

यद्यपि, बुधबार संसद् बैठकको परिदृश्यले राजनीतिक प्रश्न भने उठाएको छ- के सभामुख अर्याल वालेन्द्र सरकारलाई जवाफदेही बनाउन तयार छ ? श्रम संस्कृति पार्टीले उठाएको मुद्दा यही हो । उनीहरूले प्रधानमन्त्री स्वयंले संसद्मा प्रत्यक्ष जवाफ दिनुपर्ने माग गरिरहेका छन् ।

छुट्टाछुट्टै रूपमा वर्गीकरण गरेका छौं । विगतका करिब ४० हजारभन्दा बढी फार्स्योट नभएका उजुरीहरूको वर्गीकरण गरी समयसीमासमेत निर्धाण गरी फर्स्योट गर्ने नीति लिएका छौं,' उनले भने ।

आगामी साउन महिनाबाट मुद्दा तथा अनुसन्धानका कार्य सफ्टवेयर प्रणालीमार्फत हुनेगरी प्रविधि निर्माणको काम भइहेको उनले जानकारी दिए । हाल ठूलो संख्यामा उजुरी र ठगीसम्बन्धी निवेदनहरू प्राप्त हुने गरेको र त्यसलाई तत्काल सम्बोधनका लागि 'डेडिकेटेड' जिम्मेवारीसहितको 'कमाण्ड सेन्टर' संयन्त्र स्थापना गरिएको मन्त्री यादवले बताए । यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रमिकको सहजीकरणका लागि 'श्रम हेल्प डेस्क' स्थापना गरी सेवा प्रदान गरिरहेको जानकारी दिए ।

'भावी दिनमा ठगी नियन्त्रण र आप्रवासनलाई पारदर्शी एवं न्यायोचित बनाउन वैदेशिक रोजगारको समग्र व्यवस्थापीय प्रणालीलाई पूर्णरूपमा डिजिटलाइज गर्ने हाम्रो नीति छ । प्रधानमन्त्रीज्यूले जनकपुरमा घोषणा गर्नुभएअनुसार सेवाको विकेन्द्रीकरणका लागि मन्त्रालयले गृहकार्य थालेको छ,' मन्त्री यादवले बताए ।

### भारत भ्रमणमा...

रास्वपा सांसद धनञ्जय रेग्मीले सीमाको समस्याबारे सुगौली सन्धि पढ्नुपर्ने बताए । त्यसको मूल कपी पढ्न पाए धेरै कुरा थाहा पाउने रेग्मीको भनाइ थियो ।

मन्त्री खनालले सीमा विवाद समाधान गर्नका निम्ति दुवै देश कूटनीतिक संवादमा बस्न तयार रहेको बताएका थिए । यस भ्रमणमा दुई देशको साझेदारीका विषयहरूमा छलफल हुने उनले बताए । 'नेपाल-भारत बीचका विभिन्न विषयहरू अघि बढ्ने छन्, ती विषय कनेक्टिभिटीका विषयहरू, पर्यटनका सम्भावनाका विषयहरू हुन्, जलस्रोतका विषयहरू हुन्,' उनले भने ।

सरकारले भारतसँग नेपालले ८० हजार मेट्रिकटन रासायनिक मल खरिद गर्दै छ । यस विषयमा पनि भ्रमणमा द्विपक्षीय छलफल हुने उनको भनाइ छ । सीमा विवाद सतहमा आएपछि सरकारले भारतलाई खुसी बनाउन ठूलो परिमाणमा रासायनिक मल किन्ने निर्णय गरेको प्रतिपक्षी दलका नेताहरूले आरोप लगाउन थालेका छन् ।

### राष्ट्रिय जिडिपीमा...

#### प्रतिव्यक्ति आयमा मधेस प्रदेश कमजोर

चालु आर्थिक वर्ष २०८२/८३ मा प्रतिव्यक्ति आय सबैभन्दा धेरै बागमती प्रदेशको र सबैभन्दा कम मधेस प्रदेशको हुने प्रारम्भिक अनुमान रहेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा पनि यही अवस्था थियो ।

चालु आवमा प्रतिव्यक्ति आय बागमती प्रदेशको दुई हजार ६४४ अमेरिकी डलर, गण्डकी प्रदेशको एक हजार ६५१ डलर, कोशी प्रदेशको एक हजार ४१० डलर, लुम्बिनी प्रदेशको एक हजार २०८ डलर, सुदूरपश्चिम प्रदेशको एक हजार १७० डलर, कर्णाली प्रदेशको एक हजार १०८ डलर र मधेस प्रदेशको ९३४ डलर हुने हुने प्रारम्भिक अनुमान गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

चालु आर्थिक वर्षका लागि राष्ट्रिय तहमा प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन एक हजार ५१३ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको छ । यस हिसाबले बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन राष्ट्रिय औसतभन्दा कम रहेको देखिन्छ ।

### खाडी मुलुकमा...

'ठगी नियन्त्रणका सम्बन्धमा विगत र भविष्यका लागि

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८।०८।०५ मा प्रा.लि नं. २७७४४१ म दर्ता भएको **चन्द्रपुर हेल्थ केयर प्रा. लि.** को मिति २०८३।०२।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन, २०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: अधिवक्ता पूर्णप्रसाद पराजुली (इजाजत पब नं.३८३) अनामनगर, काठमाडौं सम्पर्क नं.९८५१०२६३३२)**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथाआपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजीगरिएको सूचना**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७८।१२।११ मा प्रा.लि नं. ९०४२८ म दर्ता भएको **सम भुमि फार्म प्रा. लि.** को मिति २०८३।०२।०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन, २०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: अधिवक्ता कुमार गुरुङ (इजाजत पब नं. ५२१) त्रीपुरेश्वर, काठमाडौं सम्पर्क नं. ९८४१८६१६३०**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथाआपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०।०४।२९मा दर्ता भएको प्रा.लि नं. ११५१७१ को **साबु इन्टरप्राईजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/३१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथाआपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०१।०८ मा दर्ता भएको प्रा. लि. नं. २६२६९५को अल्टिमेट डिटेलर नेपाल प्रा. लि . नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।३० को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १३६ (१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ऐतिहासिक हाडा छैं पुनर्निर्माण सम्पन्न

**भक्तपुर (प्रस)**– यहाँको भक्तपुर नगरपालिका-४ मंगलाछेँस्थित ऐतिहासिक हाडा छैं पुनर्निर्माण सम्पन्न भएको छ ।

लामो समयदेखि जीर्ण रहेको हाडा छैं भक्तपुर नगरपालिकाको एक करोड ७१ लाख रूपैयाँ लागतमा पुनर्निर्माण सम्पन्न गरिएको हो । हाडा छैंको बुधबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले उद्घाटन गरे । उनले सम्पदाहरू केवल इतिहाससँग मात्र जोडिएको नभई देशको पर्यटन र अर्थतन्त्रसँग जोडिएको बताए । भक्तपुर नगरपालिकाले यस्ता मौलिक घरहरूलाई आगामी दिनहरूमा पनि मासिन नदिई सम्पदा संरक्षणको रूपमा प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

बिजुक्छेँले भने, 'भक्तपुरको मौलिक संस्कृति, सम्पदा र परम्परालाई जोगाउनु हाम्रो दायित्व हो, भक्तपुरका ऐतिहासिक संरचना, कला, संस्कृति र मौलिक वास्तुकलाकै कारण भक्तपुरका सम्पदाप्रति विदेशी पर्यटक तथा अनुसन्धानकर्ताको आकर्षण दिनप्रतिदिन बढ्दै गएको छ ।'

सिकर्मी र डकर्मीहरू 'सांस्कृतिक गुरु' हुन् भन्नु उचित हुने बताउँदै अध्यक्ष बिजुक्छेँले उनीहरूले समाज र देश विकासमा हाम्रो सभ्यता, मौलिक कला र सांस्कृतिक धरोहरका संरक्षणकर्ता र पुस्तान्तरण गर्ने अभियन्ताको भूमिका निर्वाह गरिरहेको बताए ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाडा छैं केवल भौतिक संरचनामात्र नभई भक्तपुरको सांस्कृतिक गौरव झल्काउने सम्पदा भएको उल्लेख गरे । भक्तपुरको मौलिक सभ्यता र जीवनशैलीबारे सकारात्मक सन्देश प्रवाहमा हाडा छैं पुनर्निर्माणले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै हाडा छैँको पूर्वतर्फ रहेको भित्तेचित्रको पनि विशेष अर्थ रहेको उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँ, उपप्रमुख रजनी जोशी, हाडा छैं पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द दुवाल, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका पुरातत्त्व अधिकृत रज्जु हाडालगायतको उपस्थिति थियो । भक्तपुर नगरपालिकाले २०५८ सालमा मदनकृष्ण हाडासँग हाडा छैं खरिद गरी नगरको सम्पदाका रूपमा संरक्षण गर्दै आएको हो ।

# मधेस प्रदेशको ४४२ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त

**जनकपुरधाम–** वर्षौंदेखि मधेस प्रदेशका विभिन्न जिल्लामा अतिक्रमित ४४२ हेक्टर वन क्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा अतिक्रमण मुक्त गरिएको छ । मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गर्न तथा गराउन सम्बन्धित वन कार्यालयले सूचना जारी गरेका छन् ।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्रको जमिन फिर्ता लिइएको छ ।

अतिक्रमित वनक्षेत्रमा खेतीपाती, गोठनिर्माण, होटल तथा पसल सञ्चालन, घरसमेत निर्माणगरी बसोबास भइरहेको थियो । निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए । अतिक्रमित वनक्षेको जमिन खाली गर्ने प्रक्रिया सुरु गरिएको तथा त्यसमा सबैको सहयोग आवश्यक रहेको बताए ।

लामो समयदेखि अतिक्रमित वनक्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकारले पहल गरिरहेको जनाइएको छ । यसका लागि प्रशासनिक संयन्त्रले एक्लै समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहकाले त्यसतर्फ काम भइरहेको निर्देशक जयसवालले उल्लेख गरे ।

हाल नेपालमा ४५ प्रतिशत भू-भाग वनले ढाकेको भए पनि मधेस प्रदेशमामात्र ३.७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ । प्रदेशभरि दुई लाख दुई हजार २०२ हेक्टर जमिनमा वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ । जसमध्ये मधेसको कूल वनक्षेत्रमध्ये आठ प्रतिशत वनक्षेत्र अतिक्रमणमा परेको हो । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०९/११ मा दर्ता भएको श्री **इ. भि. आर ट्रेडर्स् प्रा. लि. (प्रा.लि. नं. १८०५०३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# सरकारसँग पाँचबुँदे सहमतिपछि तोडिन् अधिकारकर्मी खानले अनशन

**काठमाडौं (प्रस)**– बाँकेकी निर्मला कुर्मीको अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी घटनाको निष्पक्ष अनुसन्धानलगायतका माग राख्दै विगत २३ दिनदेखि अनशनरत रहेकी अधिकारकर्मी रूबी खान र सरकारका प्रतिनिधिबीच मंगलबार पाँचबुँदे सहमति भएको छ ।



सहमति भएसँगै उनले आफ्नो २३औं दिनको अनशन अन्त्य गरेकी छन् । खानलाई प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले पानी खुवाएर अनशन तोडाएकी हुन् ।

बाँकेको नेपालगञ्जस्थित सञ्जीवनी कलेज अफ मेडिकल साइन्सेज (नेपालगञ्ज अस्पताल) मा अनशनरत खानसँग वार्ताका लागि सरकारका तर्फबाट विशेष टोली खटाइएको थियो । उक्त टोलीमा प्रहरी प्रधान कार्यालयबाट प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौर, गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्ले र प्रधानमन्त्री शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दाहाल थिए ।

उक्त टोलीले सोमबारदेखि नै अधिकारकर्मी खानसँग निरन्तर वार्ता र सहजीकरण गरेपछि गृह मन्त्रालयका सहसचिव र खानबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमतिपछि खानले प्रधानमन्त्री शाह र सरकारका प्रतिनिधिप्रति कृतज्ञता व्यक्त गरिन् ।

सहमतिअनुसार जिल्ला प्रहरी कार्यालय बाँकेमा २०७७ चैत २० गते दर्ता भएको निर्मला कुर्मीको अपहरण, शरीर बन्धक र कर्तव्य ज्यानसम्बन्धी मुद्दाका सम्बन्धमा हालसम्म भएका अनुसन्धानको अध्ययन गरी यथाशीघ्र न्यायिक प्रक्रियामा लगिने छ । त्यस्तै, अनशनरत खानले उठाएका अन्य घटनाका अनुसन्धानका सम्बन्धमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङबाट छानबिन गराउने र त्यस क्रममा कमजोरी पाइएमा सम्बन्धित प्रहरी कर्मचारीहरूउपर प्रहरी नियमावलीबमोजिम कानुनी कारबाही गर्ने प्रतिबद्धता सरकारले जनाएको छ ।

खानविरुद्ध जिल्ला प्रहरी कार्यालय, बाँकेमा दर्ता भएको 'सार्वजनिक शान्तिविरुद्धको कसुर' मुद्दामाथिको अनुसन्धानलाई पनि तत्काल टुंग्याउन निर्देशन दिइने सहमति भएको छ । यस मुद्दामा जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रमुख, प्रहरी उपरीक्षकलगायतका कर्मचारीहरूको भूमिकाका सम्बन्धमा प्रहरी प्रधान कार्यालयले छानबिन गर्ने र कमजोरी पाइएमा कारबाही प्रक्रिया अघि बढाउने सहमतिसमेत भएको छ ।

यसैगरी, निर्मला कुर्मीको न्यायका लागि आन्दोलनरत खान र अन्य महिला अधिकारकर्मीहरूको सुरक्षाका लागि बाँकेस्थित जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई आवश्यक निर्देशन दिने सहमति भएको छ । उक्त सहमतिपत्रमा मानव अधिकार र महिला अधिकारका क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले रोहवरका रूपमा हस्ताक्षर गरेका छन् ।


**साउदीमा रोजगार** कम्पनी : AL FAISALIAH AL MOMAYAZAH GEN CONT.CO

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ LT. No. 329485 चलानी नं. ६०२४३३३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Maintenance | 5 | 0 | 1200 | ४९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORLD VIEW International Human Resurces (Pvt.) Ltd.
Govt. License 962/067/068
Anandnagar Dhuumbarahi-4, Kathmandu, Nepal
Telephone: + 977-01-4435445, 4437446, E-mail : worldview.internationalhr@gmail.com, URL : www.worldview.com



**साउदीमा रोजगार** कम्पनी : ANALA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ LT. No. 342340 चलानी नं. ६०२५५६७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 6 | 0 | 1200 | ४९,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ १४ गते (28nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com



**कतारमा रोजगार** कम्पनी : NASIR AL ALI FOR PROJECTS

पूर्व स्वीकृति मिति : २०८२/०७/१४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ LT. No. 332865 चलानी नं. ६०२५४७७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 57 | 0 | 1000 | ४२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



**मलेसियामा रोजगार** कम्पनी : GREEN PEARL DEVELOPMENT ENTERPRISE

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ LT. No. 341865 चलानी नं. ६०२५५६८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 25 | 0 | 1700 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CASTLE EMPLOYMENT SERVICE
श्रम ईजाजत नं. १७९०/०८२/०८३
(Near Int'l Airport) Sinamangal Tower Ground Floor, Sinamangal-9, Kathmandu Tel: 015927299, 015927199
Email: doc.castleemployment@gmail.com, castleemplotment2025@gmail.com, Web: www.castleemploymentservice.com.np



**जापानमा रोजगार** कम्पनी : HATONOIE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ LT. No. 342167 चलानी नं. ६०२५५५५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 4 | 10 | 179750 | १,७४,७०९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
श्रम ईजाजत नं. ६३१/०६३/०६४
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com



**कतारमा रोजगार** कम्पनी : BALADNA FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ LT. No. 316394 चलानी नं. ६०२३०६५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1900 | ८०,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GEN.CLEAN.WORKER | 3 | 0 | 1000 | ४२,३५० | | | | | | | |
| 3 | Machine Operator (PROFESSIONAL) | 15 | 0 | 1900 | ८०,४६५ | | | | | | | |
| 4 | STORE KEEPAR | 5 | 0 | 1900 | ८०,४६५ | | | | | | | |
| 5 | Supervisor | 3 | 0 | 3000 | ८०,४६५ | | | | | | | |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512, 9801603435
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163, web:- www.finejob.com.np



**जापानमा रोजगार** कम्पनी : MIRAI RIDO KYOUDOU KUMIAI

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ LT. No. 328593 चलानी नं. ६०२४२५८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION EQUIPMENT | 2 | 0 | 195828 | १,९०,७७० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717, Mahesh Shrestha +977 985-1002795
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



**साउदीमा रोजगार** कम्पनी : AUTHENTIC OCCASION TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ LT. No. 342354 चलानी नं. ६०२५५६७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | 1200 | ४९,३७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia ग्ल्फ एसिया मेनपावर प्रा.लि. Manpower Pvt.ltd.
A recruitment Company
Govt. License No. 1278/074/75
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255

# सेनालाई विश्व वन्यजन्तु कोषको सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व वन्यजन्तु कोष नेपालले नेपाली सेनालाई विशेष सम्मान प्रदान गरेको छ। विगत करिब ५० वर्षदेखि प्रकृति तथा पर्यावरण संरक्षण सुरक्षा कार्यमा पुर्‍याएको योगदानको कदरस्वरूप उक्त सम्मान प्रदान गरिएको हो । कोषको ३३औं स्थापना दिवसका अवसरमा प्रकृति र पर्यावरण संरक्षणका क्षेत्रमा पुर्‍याएको योगदानको कदरस्वरूप मंगलबार सो सम्मान प्रदान गरिएको नेपाली सेनाले जानकारी दिएको छ।

यसअघि पनि सन् २०११, २०१३, २०१५, २०१६, २०१८ र २०१९ लाई शून्य शिकार वर्षका रूपमा मनाउन सफल भएकाले सेनाका विभिन्न छवटा युनिट 'अब्राहम कन्जर्भेसन अवार्ड' बाट सम्मानित भएका थिए । साथै बर्दिया राष्ट्रिय निकुञ्ज यसअघि 'डबल टाइगर अवार्ड' बाटसमेत सम्मानित भएकामा यस वर्ष वन्यजन्तु कोषले पनि विशेष सम्मान प्रदान गरेको छ।

नेपाली सेना वि.सं. २०३२ बाट औपचारिकरूपमा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ तैनाथ हुँदै आएको र हाल १२ वटा राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष र एक शिकार आरक्षको संरक्षणमा आठवटा गण, सात अनाश्रित गुल्म र एक प्रकृति संरक्षण शिक्षालय तैनाथ छन् । यी युनिटका करिब हजारभन्दा बढी फौज निरन्तर परिचालित हुँदै आएको छ।

यसको परिणामस्वरूप सन् २००९ मा १२१ को संख्यामा रहेको पाटे बाघ हाल ३५५ र सन् २००५ मा ४०० को संख्यामा रहेको एकसिंगे गैंडा हाल ७५२ मा वृद्धि भएको छ। जटिल भौगोलिक वनावट तथा मौसमी प्रतिकूलता एवं विषम् परिस्थितिका बाबजुद प्रकृति र पर्यावरणको संरक्षणका क्षेत्रमा सुम्पिएको जिम्मेवारी सेनाले सफलतापूर्वक सम्पादन गर्दै आइरहेको र यसक्रममा हालसम्म नेपाली सेनाका ११६ जनाको ज्यान गएको पनि सेनाले जनाएको छ।

# राष्ट्रिय ललितकला प्रदर्शनी समयमै हुनुपर्ने माग

**काठमाडौं (प्रस)–** यही जेठ १५ गतेदेखि हुने भनिएको 'राष्ट्रिय ललितकला प्रदर्शनी २०८३' समयमै आयोजना हुनुपर्ने माग गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ध्यानाकर्षणपत्र बुझाइएको छ ।

'शनिबारीय स्थलगत कला कार्यशाला अभियान'ले बुधबार मन्त्रालयमा पुगेर नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नेतृत्वविहीन भएको अवस्थामा सो प्रदर्शनी विनारोकतोक हुनुपर्ने माग गर्दै ध्यानाकर्षणपत्र बुझाएको हो । अभियानका सचिव दिवेश प्रधानले ललितकला क्षेत्रकै महाउत्सव मानिने उक्त कार्यक्रमका विषयमा कसैको पनि चासो नपरेकाले बुधबार मन्त्रालयमा पुगेर ध्यानाकर्षण गराइएको बताए ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष जेठ १५ देखि ३० गतेसम्म उक्त प्रदर्शनी गर्ने गरेको थियो । गणतन्त्र दिवसको अवसरमा उद्घाटन हुने भनेर घोषित राष्ट्रिय ललितकला प्रदर्शनी २०८३ के हुने हो, हुने हो कि नहुने हो, कर्मचारी नेतृत्वले आयोजना गर्ने हो कि होइन, सक्ने हो कि होइन ? भन्ने अहिले पनि अन्योल रहेको छ ।

ध्यानाकर्षणपत्रमा भनिएको छ, 'प्रतिष्ठानजस्तो प्राज्ञिक निकायमा सरकारले नयाँ नियुक्तिका लागि रोस्टर आह्वान गरिसकेको विद्यमान अवस्थामा चाँडोभन्दा चाँडो छोटो प्रक्रिया अपनाएर ललितकला प्रज्ञा प्रतिष्ठानमा नयाँ नेतृत्व नियुक्त गरी जेठ १५ गते नै राष्ट्रिय ललितकला प्रदर्शनी २०८३ सम्पन्न गर्नुहुन अनुरोध गर्दछौं ।'

सचिव प्रधानले भने, 'यसरी कला प्रदर्शनी गर्दा नेपाली ललितकलाकर्मीहरूबीच उच्चस्तरीय समझदारी बन्ने अपनत्व पनि हुने छ र निकट भविष्यमा प्रतिष्ठानमा आउँदै गरेको नेतृत्वलाई पनि मार्गनिर्देशन हुने छ भन्ने हामीलाई लागेको छ ।'


## WE ARE HIRING !

**Preference given to Nepali citizen**
**Position: Digital Strategy & International Programs Coordinator**
**Required Number: 1**

We seek a digital strategy professional with international exposure and commercial insight, especially in travel and hospitality. The role involves technical campaign execution, CRM management, UX/UI oversight, and international client engagement.

**Key Responsibilities:**
- Design and execute digital strategies across Meta, Google, CRM.
- Lead campaign development focused on CAC, ROAS, CTR, CPL.
- Conduct A/B testing on ad creative and landing pages.
- Integrate CRM workflows (e.g. HubSpot) to improve engagement.
- Build Influencer programs for growing organic reach.
- Improve UI/UX using tools like Figma.
- Liaise with partners in U.S. and Europe to promote Nepal travel.

**Minimum Qualifications:**
- Business, leadership or marketing role preferred.
- Demonstrable Experience with digital KPIs (CPM, CPC, CTR, CAC,CPA, ROAS, ROI) to drive down CPL.
- Practical experience with Meta Ads Manager, Google Analytics, Figma, HubSpot.
- Exposure to U.S./EU/Australian markets essential.
- Business studies background from foreign college preferred (degree not mandatory).
- A background in business studies from a foreign institution is strongly preferred; a degree is not mandatory.

**Selection Method:**
Shortlisted candidates will be evaluated on the basis of their resumes, technical knowledge and communication skills. Interviews may be conducted as required.

**Application Procedure:**
Interested candidates may email their updated CV along with a cover letter and recent photograph to: advworldnepal@gmail.com latest by 27th May 2026.

**Adventure World Trails & Travels Pvt. Ltd.**


## प्रमाण पत्र हराएको सूचना

मिति २०८३/०१/१० गते त्रिपुरेश्वर देखि कलंकीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपशिल**

नाम : Sirisha Bidari
कलेज नाम : Janakalyan Secondary School
ठेगाना : Palung, Daman, Makwanpur, Nepal
रजिष्ट्रेशन नं. 813310160118
सिम्बोल नं. 23103559
Migration Serial Number : M 1512055
Date of Issue : 2082-05-18 B.S. (2025/09/03 A.D.)
मोवाइल नं. : 9865501078

## बिमालेख हरायो

मिति २०८२/१०/२० गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Laxmi Ghale
बिमालेख नं.: 110032012
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Sitapaela, Bhimdhunga, Kathmandu
सम्पर्क नं : 9813668111

## स्कुटर हराएको सूचना

मिति २०८३।०२।०२ गते काठमाडौं जिल्ला का.म.न.पा. २६ भगवती मन्दिर पछाडि नजिकैबाट पार्किङ गरी राखेको अवस्थामा निलो निलो रङ्गको Honda (Activa) कम्पनीको १२५ सि.सि.को स्कुटर अन्दाजी रातको ८:०० बजेपछि हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : आरना इन्टरनेशनल प्रा.लि.**
**निवेदकको नाम : संजय के.सी.**
**स्कुटर नं. : बा. ९१ प ३ स्कुटर**
**च्यासिस नं. : ME4JF496KH8033717**
**इन्जिन नं. : JF49E82228162**
**ठेगाना : का.जि.का.म.पा.२९, पुतलीसडक, काठमाडौं**
**सम्पर्क नं. ९७६७८९२६४५, ९८४७६८१९६०**

## माइग्रेसन हराएको सूचना

मिति २०८२/१२/१२ गते काठमाडौं जिल्ला, रत्नपार्कदेखि त्रि चन्द्र क्याम्पस जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विशाल यादव**
**रजिस्ट्रेसन.नं.: ७४२७५६४९१**
**सिरियल नं.: M२५७८१०**
**ठेगाना : मंलगवा–०५, सर्लाही**
**सम्पर्क: : ९८४०२९७४२४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०७ गते**

यस कम्पनीको मिति २०८२/०३/१७ मा सम्पन्न भएको विषेश साधारण सभाद्वारा यस **श्री व्यवसायिक प्रशिक्षण केन्द्र** को नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी ऐकेडेमी (दर्ता नम्बर: २२१९५।४९२ र स्थायी लेखा नम्वर** (**PAN नम्बर: ३०२२५९१५१**) कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१२/३० गतेको निर्णय अनुसार स्विकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०७ गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माता मनकामना फ्रेस मिट एण्ड कोल्ड स्टोर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गाउँले खसी प्रा.लि. (प्रा.लि.नं. ८६३०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/०७ गते**

यस कम्पनीको मिति २०८३/०१/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेशनल बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दाङ बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि. (प्रा.लि.नं. ३८७३२४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## कुवेतमा रोजगार

कम्पनी : GLOBAL GIFTS GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 310735 | चलानी नं.६०२२५२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 3 | 150 | ७४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : SPIRIT OF GROWTH UNITED COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342273 | चलानी नं. ६०२५५६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE SERVER (WAITER) | 1 | 0 | 1500 | ६१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## साउदीमा रोजगार

कम्पनी : AL-WESAM AL-AWHAD EST. FOR TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342137 | चलानी नं. ६०२५५६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७४,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: +9779841866560 (Rama), Yam Bahadur Thapa ( 9801025426)
श्रम ईजाजत नं. ७९४/०६५/०६६

## साउदी/कतारमा रोजगार

कम्पनी : RAMOOZ AL TURK CONT CO

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 335314 | चलानी नं. ६०२४८८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 17 | 0 | 1200 | ४९,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading & Unloading Labor | 3 | 0 | 1200 | ४९,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।
Kathmandu Metropolitian City, Universal Technical institute and Orientation center मा मितिः २०८३ जेठ १५ गते (29th May 2026) मा हुनेछ ।

कम्पनी : FIBERTIE PIPE FACTORY AND ACCESSORIES W.L.L

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०६ | LT. No. 339215 | चलानी नं. ६०२५२६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 20 | 0 | 1000 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 30 | 0 | 1000 | ४२,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १४ गते (28th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०८५/०५३/०५४


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८३/०२/०७**

यस सिटिजन्स बैंक इन्टरनेसल लिमिटेडको शाखा कार्यालय कोल्हुवा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)बाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी **बाल कुमारी महतो**को हकमा मिति बि.सं. २०८०/११/२३ गतेको "कारोबार" राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति बि.सं. २०८१/०१/२८ गतेको "कारोबार" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना तथा मिति वि.सं. २०८३/०१/०९ मा "news 24 दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना र ऋणी **गणेश आर्टस**को हकमा मिति बि.सं. २०८२/०१/३० गतेको "मध्यान्ह" राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति बि.सं. २०८२/०४/२२ गतेको "आर्थिक" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना तथा मिति बि.सं. २०८३/०१/०४ गतेको "मिसन टुडे" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, कोल्हुवा नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक कर्जा (आवधिक कर्जा )**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| **नाम : बाल कुमारी महतो**<br>बाबु : वेनिराम थारु<br>पति : एक बहादुर महतो<br>ससुरा : गोविन्द बहादुर महतो<br>ठेगाना : नारायणी गा.वि.स.-६, नवलपरासी<br>हाल : मध्यविन्दु न.पा.-४, नवलपरासी (ब.सु.पू.)<br>ना.प्र.नं. : ३६३०२९/३९२<br>जारी मिति : २०६३/१२/२३<br>जि.प्र.का. : नवलपरासी | **१. नाम : एक बहादुर महतो**<br>बाबु : गोविन्द बहादुर महतो<br>बाजे : देवीदिन महतो<br>ठेगाना : नारायणी गा.वि.स.-६, नवलपरासी<br>हाल : मध्यविन्दु न.पा.-४, नवलपरासी (ब.सु.पू.)<br>ना.प्र.नं. : २८९५६<br>जारी मिति : २०४६/०१/१६<br>प्रथम प्रतिलिपि मिति : २०७५/१२/२७<br>जि.प्र.का. : नवलपरासी (ब.सु.पू.) |

**२. नाम : अमृत महतो**
बाबु : एक नारायण महतो
बाजे : गोविन्द बहादुर महतो
ठेगाना : नारायणी गा.वि.स.-६, नवलपरासी
हाल : मध्यविन्दु न.पा.-४, नवलपरासी (ब.सु.पू.)
ना.प्र.नं. : ३६२०२९/२०९७
जारी मिति: २०७१/०३/०४
जि.प्र.का. : नवलपरासी

**धितो राखिएको सम्पत्ति विवरण**
**धितोसुरक्षण धनीको नामः– एक बहादुर महतो**

| | |
|---|---|
| जिल्ला | नवलपरासी |
| न.पा./गा.वि.स. | कोल्हुवा (हालः मध्यविन्दु न.पा.-४ नवलपरासी (ब.सु.पु)) |
| वडा नं/नक्सा सिट नं | ३/३ङ |
| कि.नं. | ४४९ |
| क्षेत्रफल (वि.क.धु.) | ०-३-१०-० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**२. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा**

| ऋणी फर्मको नाम र ठेगाना | फर्मको प्रोप्राईटको नाम र ठेगाना |
|---|---|
| **नाम : गणेश आर्टस**<br>रजिष्टर्ड ठेगाना: कावासोती न.पा.१६, डण्डा, नवलपरासी (ब.सु.पु.)<br>रजिष्ट्रेसन नं. : २१४० (कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिवमन्दिर, कावासोती नवलपरासी (व.सु.पु.), गण्डकी प्रदेश)<br>पान नं. : ६१३८१९७३४ | **नाम : डिल्ली राम महतो (थारु)**<br>बाबु : बृज लाल महतो (थारु)<br>बाजे : रामलाल महतो<br>ठेगाना : कोल्हुवा गा.वि.स. वडा नं. ०४, नवलपरासी<br>हाल : मध्यविन्दु न.पा. वडा नं. ०२, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)<br>ना.प्र.नं. : ३६३०२७/४५६<br>जारी मिति : बि.सं.२०६३/१०/१९<br>जि.प्र.का. : नवलपरासी |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| **१. नाम : रेमन थारु**<br>बाबु : भक्ति प्रसाद थारु<br>बाजे : बृज लाल महतो (थारु)<br>ठेगाना : मध्यविन्दु न.पा. वडा नं. ०२, नवलपरासी<br>हाल : मध्यविन्दु न.पा. वडा नं. ०२, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)<br>ना.प्र.नं. : ३६-०२-७४-०७२८०<br>जारी मिति : बि.सं.२०७४/०८/०५<br>जि.प्र.का. : नवलपरासी | **२. नाम : गुनेश्वरी महतो**<br>बाबु : दुलामनी महतो<br>पति : डिल्ली राम महतो (थारु)<br>ससुरा : बृज लाल महतो (थारु)<br>ठेगाना : मध्यविन्दु न.पा. वडा नं. ०२, नवलपरासी<br>हाल : मध्यविन्दु न.पा. वडा नं. ०२, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)<br>ना.प्र.नं. : ३६-११-७४/८९३<br>जारी मिति : बि.सं.२०७४/०४/२८<br>जि.प्र.का. : नवलपरासी |

**माथि उल्लेखित ऋणी गणेश आर्टसले उपभोग गरेको ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नाम : डिल्लीराम महतो**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी | कोल्हुवा | ३/३ग | ७८७ | ०-१-७.५०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |
| हाल -मध्यविन्दु न.पा. ०२ नवलपरासी (ब.सु.पु)) | | | | | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय कोल्हुवा, नवलपरासी (ब.सु.पु) मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८३/०२/१४ गते, बिहीबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कोल्हुवा, नवलपरासी (ब.सु.पु)।**

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

Citizens Bank

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संसद्प्रतिको उदासीनता लोकतन्त्रका लागि घातक

संसदीय लोकतन्त्रको सुन्दरता नै संसद्प्रतिको सरकारको जवाफदेहिता र उत्तरदायित्वमा अडिएको हुन्छ। जनताका प्रतिनिधिहरूले नीति, निर्माण र बजेटमाथि गर्ने बहस केवल औपचारिक कर्मकाण्ड होइनन्, ती नागरिकका आवाज हुन्। तर, वर्तमान झण्डै दुईतिहाइ बहुमतसहितको वालेन्द्र शाह नेतृत्वको सरकारले 'विगतको परम्परा भत्काउने' नाममा जुन किसिमको संसदीय अभ्यास र मर्यादाविपरीतको बाटो समातेको छ, त्यसले लोकतान्त्रिक मूल्य–मान्यतामाथि नै गम्भीर प्रहार गरेको छ। बहुमतको बलमा संसद्लाई 'रबर स्टाम्प' बनाउन खोज्नु र कमजोर प्रतिपक्षलाई पेलेरै अगाडि बढ्ने नीति अख्तियार गर्नु स्वेच्छाचारिताको पराकाष्ठा हो।

सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री शाहले प्रदर्शन गरेको व्यवहार कुनै पनि अर्थमा संसदीय मर्यादा अनुकूल छैन। राष्ट्रपतिले संघीय संसद्को संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा बीचमै उठेर हिँड्नु र त्यसपछि संसद्मै नफर्कनुले प्रधानमन्त्री स्वयंले आफ्नै नीति र कार्यक्रमको अपनत्व ग्रहण गर्न नसकेको प्रमाणित गर्छ। प्रतिपक्षले प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै संसद् अवरोध गर्दासमेत बहुमतको आडमा पेलेरै नीति तथा कार्यक्रम पारित गरिनुले लोकतान्त्रिक सहमतीय संस्कारको उपेक्षा गरेको छ। प्रधानमन्त्री स्वयं उपस्थित भएर संसद्लाई चित्तबुझ्दो जवाफ दिनुपर्नेमा अर्थमन्त्रीलाई अघि सारेर पन्छिनु संसदीय जवाफदेहिताबाट भाग्ने प्रवृत्ति हो।

यस्तै गैरजिम्मेवार प्रवृत्तिको निरन्तरता आगामी बजेटको सिद्धान्त र प्राथमिकताको छलफलमा पनि देखिएको छ। संसद्मा बजेटको सिद्धान्तमाथि देशको अर्थतन्त्रको दिशा तय गर्ने संवेदनशील बहस चलिरहँदा कुर्सीहरू खाली देखिनु र विभागीय मन्त्री (अर्थमन्त्री डा. स्वर्णिम वाग्ले) नै अनुपस्थित हुनु संसदीय अभ्यासकै उपहास हो। विगतका लोकतान्त्रिक अभ्यासहरूमा यस्ता महत्त्वपूर्ण छलफलहरूमा सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य मानिन्थ्यो। तर, वर्तमान अर्थमन्त्री जवाफ दिने बेलामामात्र संसद्मा प्रकट हुनुले सरकारले संसद्लाई केवल औपचारिकता पूरा गर्ने थलोका रूपमामात्र बुझेको स्पष्ट हुन्छ।

यही प्रवृत्तिका कारण संसद्मा तीव्र असन्तुष्टि चुलिएको छ। प्रतिपक्षी दलबम समंसदले संसद्मा नाराबाजी गर्दै बैठक बहिष्कार गर्नु र सत्तापक्षकै सांसदहरू जगदिश खरेल र अमरेशकुमार सिंहले आफ्नै सरकार र अर्थमन्त्रीको गैरजिम्मेवारीपनप्रति आक्रोश पोख्नुले परिस्थिति कति गम्भीर छ भन्ने देखाउँछ। जब सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सांसदहरूले सरकारको उदासीनतामाथि प्रश्न उठाउँछन्, तब सरकारले आफ्नो कार्यशैलीमाथि गम्भीर आत्मसमीक्षा गर्नैपर्छ।

कार्यपालिका व्यवस्थापिकाको गर्भबाट जन्मने हुनाले सरकार सधैं संसद् मातहत र त्यसप्रति उत्तरदायी हुनुपर्छ। दुईतिहाइको बहुमत प्राप्त हुनुको अर्थ संसद्लाई उपेक्षा गर्ने लाइसेन्स पाउनु होइन, बरु अझ बढी जिम्मेवार र जवाफदेही बन्नु हो। नयाँ र वैकल्पिक सोचका साथ परम्परा भत्काउने दाबी गर्ने सरकारले संसदीय प्रणालीका स्थापित र सुन्दर मान्यताहरूलाई नै भत्काउन उद्धत हुनु दुर्भाग्यपूर्ण छ। तसर्थ, सरकारले तत्काल आफ्नो दम्भ र स्वेच्छाचारी शैली त्यागेर संसद्को गरिमालाई स्वीकार्नुको विकल्प छैन। प्रधानमन्त्री र मन्त्रीहरू संसद्का हरेक छलफलमा उपस्थित भई जनप्रतिनिधिहरूका प्रश्नको सामना गर्न तयार हुनैपर्छ। संसद्लाई छलेर वा कमजोर ठानेर अघि बढ्ने दुस्साहस सरकार स्वयं र समग्र लोकतान्त्रिक प्रणालीका लागि प्रत्युत्पादक सावित हुने छ।

# केराको महँगी र पनामा रोगको कहर



❑ डा. डिल्लीराम शर्मा

नेपालमा वार्षिकरूपमा लगभग १३ लाख मेट्रिक टन केरा उत्पादन हुन्छ, जुन लगभग १९ हजार बिघा जमिनमा खेती गरिन्छ। विशेषगरी चितवन, कैलाली, कञ्चनपुर, नवलपरासी, बारा, बर्दिया, दाङ, रूपन्देही, मकवानपुर, सर्लाही, रौतहट, मोरङ, सुनसरी र झापा प्रमुख उत्पादन जिल्लाहरू पर्दछन्।

नेपालले भारतबाट केरा आयातमा लगाएको प्रतिबन्धले हाल देशको आर्थिक र कूटनीतिक क्षेत्रमा ठूलो हलचल ल्याएको छ। कानुनीरूपमा हेर्दा विश्व व्यापार संगठनको 'स्यानिटरी एण्ड फाइटोस्यानिटरी' (एसपिएस) उपायअन्तर्गत पनामा रोगजस्ता वनस्पतिका रोगहरू भित्रिन नदिन यस्तो प्रतिबन्ध लगाउनु वैध मानिन्छ। जसमा उक्त रोग आफ्नो देशमा नभएको हुनुपर्ने हुन्छ। अन्यथा, यो नियम त्यति प्रभावकारी हुँदैन।

नेपालको केरामा उक्त रोगबारे अध्ययन गर्दा पश्चिमी जिल्लाहरू र चितवनमा पनि उक्त रोग विद्यमान रहेको पाइएको छ। तर, पर्याप्त वैज्ञानिक प्रमाणविना केवल आन्तरिक बजारको मूल्य नियन्त्रण गर्नमात्रै प्रतिबन्ध लगाइएको खण्डमा यसले भारतसँगको व्यापारिक सम्बन्धमा दरार ल्याउन सक्छ। यस कारण भारतले नेपाली अलैंची, चिया वा अदुवाजस्ता निकासीजन्य वस्तुहरूमा 'नन्-टचारिफ ब्यारियर' लगाएर जवाफी कारबाही गर्न सक्ने जोखिम रहन्छ।

आन्तरिक बजारमा केराको मूल्य प्रतिदर्जन ३५० देखि ४०० रूपैयाँ पुग्नुको मुख्य कारण माग र आपूर्तिबीचको असन्तुलन हो, किनकि नेपाल अहिले पनि करिब ३० प्रतिशत केरामा परनिर्भर छ। यसबाहेक, बिचौलियाहरूको सक्रियता, शीतभण्डारको अभाव र ढुवानीका क्रममा हुने क्षतिले उपभोक्ताको भान्सा महँगो बनाएको छ। केराको मूल्य बढ्दा आँप, लिची, मेवा, स्याउ र सुन्तलाजस्ता अन्य फलफूलको मूल्यमा पनि चाप परेको छ, जसले समग्र खाद्य मुद्रास्फीति बढाउन मद्दत पुऱ्याएको छ। तसर्थ, सरकारले पूर्णप्रतिबन्धको सट्टा 'व्यवस्थित आयात'को रणनीति अपनाउनुपर्छ।

बेमौसममा निश्चित कोटा तोकेर आयात खुला गर्ने, सीमा नाकामा आधुनिक क्वारेन्टाइन ल्याब स्थापना गर्ने, किसानलाई उन्नत 'जी-९' टिस्यु कल्चर बिरुवा उपलब्ध गराउने र बिचौलियाको अन्त्य गरी किसान-उपभोक्ता सीधा बजार संयन्त्र निर्माण गर्नु नै यस समस्याको दिगो समाधान हो। अन्ततः प्रतिबन्ध एक अस्थायी उपायमात्र हो; उत्पादनमा वृद्धि र बजारको आधुनिकीकरण नै आत्मनिर्भरताको वास्तविक बाटो हो।

नेपालमा केराको बजार र यसको बजारीकरणमा हालका वर्षहरूमा ठूलो परिवर्तन देखिएको छ। विशेषगरी सरकारले भारतीय केराको आयातमा कडाइ गरेपछि आन्तरिक बजारमा यसको प्रत्यक्ष प्रभाव परेको छ। आयात प्रतिबन्धका कारण नेपाली किसानहरूले आफ्नो उत्पादनका लागि उचित बजार पाउने आशा त गरेका छन्, तर मागअनुसारको आपूर्ति हुन नसक्दा काठमाडौंलगायतका मुख्य सहरहरूमा केराको मूल्य अत्यधिक बढेको पाइएको छ। बजारीकरणको पाटोलाई हेर्दा भारतीय केराको तुलनामा नेपाली केराको प्याकेजिङ र भण्डारण प्रणाली कमजोर देखिन्छ, जसले गर्दा ढुवानीका क्रममा धेरै उत्पादन खेर जाने समस्या छ। अर्कोतर्फ, उपभोक्ताहरूले सस्तो र हेर्दा आकर्षक देखिने 'जी-नाइन' जस्ता प्रजातिका केरा खोज्ने तर स्वदेशी उत्पादनको गुणस्तरमा एकरूपता नहुँदा बजारीकरणमा चुनौती थपिएको छ। साथै, बिचौलियाहरूको दबदबाका कारण किसानले उचित मूल्य नपाउने र उपभोक्ताले महँगोमा किन्नुपर्ने अवस्था अझै विद्यमान छ। त्यसैले, स्वदेशी केराको बजारीकरणलाई प्रभावकारी बनाउन आधुनिक भण्डारण, वैज्ञानिक पकाउने विधि र सुलभ ढुवानी संयन्त्रको विकास गर्नु अपरिहार्य देखिन्छ।

उपरोक्त उठाइएका विषयहरू नेपालको वर्तमान फलफूल बजारको एउटा तीतो यथार्थ हो। भारतमा केराको मूल्य प्रतिदर्जन १०० नेरु हुनु र नेपालमा त्योभन्दा तेब्बर महँगो हुनुले नेपाली उपभोक्ताको ढाड सेकिएको कुरालाई निम्न बुँदाहरूमा विश्लेषण गर्न सकिन्छः

“ उपभोक्तालाई मारेर वा अत्यधिक महँगो शुल्क थोपरेर गरिने व्यापार दीर्घकालीनरूपमा उचित मानिँदैन। किनकि, यदि सरकारले आयात रोक्छ भने आन्तरिक उत्पादनलाई सस्तो र सुलभ बनाउने जिम्मेवारी पनि लिनुपर्छ। अन्यथा, यसले कालोबजारी र चोरी पैठारीलाई बढावा दिन्छ। किसान बचाउने नाममा उपभोक्तालाई मर्कामा पार्नु न्यायसंगत हुँदैन। स्वस्थ प्रतिस्पर्धा र वैज्ञानिक बजार संयन्त्र नहुँदा यसको मार सधैं सर्वसाधारणमा परिरहन्छ।

### १. मूल्य अन्तर र उपभोक्तामा मार

भारतको तुलनामा नेपालमा केराको मूल्य तेब्बर हुनुले प्रत्यक्षरूपमा निम्न समस्याहरू निम्त्याउँछः

- भारतमा नेपाली १०० रूपैयाँमा पाइने केरा नेपालमा ३०० रूपैयाँसम्म पुग्नु भनेको न्यून आय भएका नेपाली उपभोक्ताहरूका लागि यो फल पहुँचबाहिर हुनु हो।
- आयातमा प्रतिबन्ध लगाएर आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्ने भनिए पनि सस्तो विकल्पलाई रोकेर महँगोमा उपभोग गर्न बाध्य पारिनु उपभोक्ता अधिकारको विरुद्ध देखिन्छ।

### २. किन महँगो छ नेपालमा केरा ?

नेपालमा केरा महँगो हुनुमा केवल व्यापारीको नाफामात्र नभई केही नीतिगत र प्राविधिक कारणहरू पनि छन्ः

- नेपालमा मल, बीउ र सिँचाइको लागत भारतको तुलनामा बढी छ, जसले गर्दा किसानको उत्पादन लागत नै उच्च हुन जान्छ।
- किसानबाट उपभोक्तासम्म आइपुग्दा धेरै तहका बिचौलियाहरू संलग्न हुन्छन्, जसले गर्दा मूल्य अस्वाभाविकरूपमा बढ्छ।
- सडकको अवस्था, कमजोर ढुवानी पद्दति र कोल्ड स्टोरको अभावले गर्दा ढुवानीका क्रममा धेरै केरा बिग्रिन्छ, जसको क्षतिपूर्ति व्यापारीले उपभोक्ताबाटै असुल गर्छन्।

तसर्थ, उपभोक्तालाई मारेर वा अत्यधिक महँगो शुल्क थोपरेर गरिने व्यापार दीर्घकालीनरूपमा उचित मानिँदैन। किनकि, यदि सरकारले आयात रोक्छ भने आन्तरिक उत्पादनलाई सस्तो र सुलभ बनाउने जिम्मेवारी पनि लिनुपर्छ। अन्यथा, यसले कालोबजारी र चोरी पैठारीलाई बढावा दिन्छ। किसान बचाउने नाममा उपभोक्तालाई मर्कामा पार्नु न्यायसंगत हुँदैन। स्वस्थ प्रतिस्पर्धा र वैज्ञानिक बजार संयन्त्र नहुँदा यसको मार सधैं सर्वसाधारणमा परिरहन्छ।

नेपाली उपभोक्ताले भारतको तुलनामा तेब्बर मूल्य तिर्नपर्नुको पछाडि फितलो बजार अनुगमन र कमजोर आपूर्ति व्यवस्था मुख्य जिम्मेवार छन्। आयात प्रतिबन्धमात्र समाधान होइन; जबसम्म स्वदेशी उत्पादनलाई सस्तो र व्यवस्थित बनाइँदैन, तबसम्म नेपाली उपभोक्ता यसरी नै ठगिइरहने अवस्था रहन्छ।

केरा संकटसँगै सरकारले सीमा क्षेत्रमा १०० रूपैयाँभन्दा बढीको सामानमा भन्सार अनिवार्य गर्ने नियम कडाइका साथ लागू गरेको छ। यसले सीमावर्ती क्षेत्रका सर्वसाधारणको दैनिक जीवन र सानोस्तरको कृषि व्यापारमा ठूलो धक्का पुऱ्याएको छ। यो नियमले सीमा क्षेत्रबाट हुने केराको अनौपचारिक आपूर्तिलाई पनि रोकेको छ, जसले गर्दा सीमावर्ती बजारहरूमासमेत केराको मूल्य आकासिएको छ।

केराको रोग पनामा रोगको खतरालाई सामना गर्न र सन् २०२७ सम्म पूर्णआत्मनिर्भर बन्ने लक्ष्यका साथ 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना'ले टिस्यु कल्चर प्रविधिलाई प्रवर्द्धन गरिरहेको छ। टिस्यु कल्चर प्रविधिले प्रयोगशालामा रोगमुक्त बिरुवाहरू उत्पादन गर्छ। विशेषगरी 'जी-९' प्रजातिलाई बढी जोड दिइएको छ। किनभने, यो उच्च उत्पादकत्व दिने र व्यावसायिकरूपमा सफल प्रजाति हो। जुन २०२६ मा ४५ हजार थान जी-९ बिरुवाहरू भारतको जैन इरिगेसनबाट आयात गरी चितवन र कैलालीका किसानहरूलाई वितरण गरिएको थियो। यद्यपि, टिस्यु कल्चर बिरुवाको सुरुआती लागत (प्रतिबिरुवा २५-३० रूपैयाँ) र यसलाई आवश्यक पर्ने बढी सिँचाइ र मल सानो स्तरका किसानका लागि चुनौती बनेको छ।

नेपालको केरा उद्योगको सबैभन्दा कमजोर पक्ष भण्डारण र पकाउने पूर्वाधारको अभाव हो। करिब ३० प्रतिशत केरा भण्डारण र ढुवानीको क्रममा खेर जाने अनुमान गरिन्छ। अहिले पनि केरा पकाउन हानिकारक 'क्याल्सियम कार्बाइड' को प्रयोग भइरहेको छ, जुन स्वास्थ्यका लागि जोखिमपूर्ण छ। आधुनिक 'इथिलिन' ग्यासमा आधारित 'राइपेनिङ चेम्बर'हरूको विकासले केराको गुणस्तर सुधार्न र खेर जाने परिमाण घटाउन मद्दत पुऱ्याउँछ।

उपरोक्त क्रियाकलापलाई विश्लेषण गर्दा सरकारका लागि निम्न नीतिगत सिफारिसहरू पेस गर्न चाहन्छुः

१. **आयात कोटा प्रणाली**
पूर्ण प्रतिबन्धको सट्टा 'बेमौसम' (मंसिरदेखि जेठसम्म) मा निश्चित कोटा तोकेर भन्सार दर समायोजन गरी केरा आयात गर्न दिनुपर्छ, जसले बजार मूल्य स्थिर बनाउन मद्दत गर्छ।

२. **सीमामा द्रुत परीक्षण ल्याबः**
१५ वटा मुख्य क्वारान्टाइन नाकाहरूमा पनामा रोग पहिचानका लागि द्रुत 'पिसिआर' वा 'ल्याम्प' प्रविधिको परीक्षण ल्याब स्थापना गर्नुपर्छ। रोगमुक्त प्रमाणित भएमामात्र आयात अनुमति दिने 'सेफ ट्रेड' प्रोटोकल लागू गर्नुपर्छ। जो अन्तर्राष्ट्रिय कानुनभित्र रहेर प्राविधिक कार्य गरिएको स्पष्ट देखिन्छ।

३. **सीधा बजार संयन्त्रः**
किसान र उपभोक्ताबीचको दूरी घटाउन कृषक सहकारीहरूलाई ढुवानीमा सहुलियत दिने र काठमाडौंलगायत अन्य मुख्य सहरहरूमा 'हाट बजार'को व्यवस्था गर्नुपर्छ।

४. **भण्डारण र पकाउने पूर्वाधारमा लगानीः**
निजी क्षेत्रलाई इथिलिन राइपेनिङ चेम्बर र कोल्ड स्टोर बनाउन अनुदान वा कर छुट दिनुपर्छ।

५. **न्यूनतम समर्थन मूल्य र बिचौलिया नियन्त्रणः**
सरकारले केराको न्यूनतम समर्थन मूल्य तोक्नुपर्छ र बजार अनुगमन गरी अस्वाभाविक नाफा लिने बिचौलियाहरूलाई निगरानी गरी कारबाही गर्नुपर्छ।

६. **उत्पादन वृद्धि तथा व्यवस्थापनः**
केराको आन्तरिक खपत ३० प्रतिशत अत्यन्त न्यून रहेकोले क्षेत्र विकासको साथसाथै आधुनिक पद्दतिबाट केराखेतीमा जोड दिई सो अनुसार व्यवस्थापन गर्नु पर्दछ।

अतः सन् २०२६ को केरा संकट केवल अभावको समस्यामात्र होइन, यो नेपालको कृषिलाई आधुनिकीकरण र आत्मनिर्भर बनाउने अवसर पनि हो। प्रतिबन्ध एक अस्थायी उपचारमात्र हो; उत्पादन वृद्धि, प्रविधिको प्रयोग र बजारको कुशल व्यवस्थापन नै दीर्घकालीन समाधान हो।

*(लेखक कृषि विभागका पूर्वमहानिर्देशक हुन्)*

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने।

## पाठक मञ्च

### सुकुमबासीलाई भत्ता होइन, स्थायी ओत देऊ

मुलुकमा सुकुमबासी र भूमिहीनको समस्या दशकौं पुरानो घाउ हो। तर, पछिल्लो समय सरकारले यस संवेदनशील मानवीय सवाललाई जसरी हठात् शैलीमा चलाउन खोजेको छ, यसले सरकारको दूरदर्शिताभन्दा पनि काम देखाउने हतारो मानसिकता छताछुल्ल पारेको छ। वैशाख १२ गतेदेखि देशैभरका नदी किनार र सार्वजनिक क्षेत्रका सुकुमबासी बस्तीमा विनातयारी डोजर चलाएर नागरिकलाई सडकमा पुऱ्याउनु सरकारको गम्भीर गल्ती थियो। सामान्य मानवीय संवेदनालाई समेत ख्याल नगरी सरकारले सुकुमबासी बस्तीमा डोजर चलायो, तर आजसम्म व्यवस्थापनको ठोस योजना ल्याउन नसक्नु सत्ता नेतृत्वको हठात् मानसिकताको उपज हो भन्दा फरक नपर्ला।

कुनै पनि लोकतान्त्रिक र कल्याणकारी राज्यमा नागरिकलाई उठीबास गराउनुअघि वैकल्पिक व्यवस्था गर्नु न्यूनतम सर्त र मानवीय धर्म हो। तर, हाम्रो सरकारले उनीहरूलाई शत्रु देशका नागरिकलाई जस्तो व्यवहार गर्दै वासस्थान भत्काउने काम गऱ्यो। बालबालिकाको पढाइ, वृद्धवृद्धा र बिरामीको स्वास्थ्य अवस्था तथा नागरिकको बाँच्न पाउने मौलिक हकमाथि वज्रपात गरियो। अहिले राहतका नाममा 'महिनावारी भत्ता' को नयाँ खुद्रे एजेण्डा लिएर अगाडि आएको छ। यो केवल आफ्नो गल्ती ढाकछोप गर्ने र तत्कालको आक्रोश मत्थर पार्ने दाउपेचमात्र हो।

मन्त्रिपरिषद्ले काठमाडौं उपत्यकाभित्रका नदी किनारबाट विस्थापित गरिएका सुकुमबासी परिवारलाई प्रतिपरिवार एकमुष्ट २५ हजार र मासिक १५ हजार रूपैयाँ (पाँच सदस्यभन्दा बढी भए प्रतिसदस्य थप दुई हजार) भत्ता दिने निर्णय गरेको छ। पहिलो कुरा, आजको महँगीको जमानामा काठमाडौं जस्तो सहरमा मासिक १५ हजार रूपैयाँले पाँच जनाको परिवारले डेरा भाडा तिरेर खान पुग्छ ? दोस्रो र मुख्य कुरा, सुकुमबासी समस्याको समाधान 'मासिक भत्ता' बाँड्नु किमार्थ होइन। यो त समस्यालाई बल्झाएर राखिराख्ने र राज्यकोषको दोहन गर्ने अल्पकालीन र सस्तो पपुलिजम (लोकप्रियतावाद) मात्र हो। सुकुमबासीहरूले राज्यसँग सधैंभरि भत्ता मागेका होइनन्, उनीहरूले त आफ्नो श्रम र पसिना बगाएर सुरक्षित रूपमा बस्न पाउने एउटा स्थायी ओत खोजेका हुन्।

सरकारको बोलीमा कुनै ठेगान र नीतिगत तालमेल देखिँदैन। एकातिर भूमि व्यवस्थामन्त्री प्रतिभा रावलले 'अध्यादेशमार्फत संरचना फेरबदल गरिसकेकाले केही हप्तामै लालपुर्जा वितरण गर्छौं' भन्दै भिडियो वक्तव्य जारी गर्छिन्, अर्कोतिर मन्त्रिपरिषद्ले तीन महिनासम्मका लागि भत्ताको घोषणा गर्छ। यो नीतिगत अन्योल र विरोधाभासले के देखाउँछ भने, सरकार आफैं कुन बाटो हिँड्ने भन्नेमा स्पष्ट छैन। कानुन संशोधन गरेर नदी किनार वा वन क्षेत्रका सुकुमबासीलाई अन्यत्र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था गर्नु सकारात्मक होला, तर त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट कार्ययोजना खोइ ?

यसअघि गठित भूमि आयोग र कार्यदलहरू राजनीतिक भर्तीकेन्द्र मात्र बने, जसले वास्तविक सुकुमबासीको पहिचान गर्नुको साटो पहुँचवाला र 'हुकुमबासी' लाई पोस्ने काम गरे। अब पनि त्यस्तै केन्द्र र जिल्ला तहमा कार्यदल गठन गरेर समय कटाउने छुट सरकारलाई छैन। यो भत्ता बाँड्ने ती महिनाको अवधिभित्रै सरकारले युद्धस्तरमा काम गर्नुपर्छ। वास्तविक सुकुमबासी र अव्यवस्थित बसोबासीको पारदर्शीरूपमा विवरण रुजु गरिनुपर्छ र उनीहरूलाई स्थायी बसोबासको ग्यारेण्टी गरिनुपर्छ।

सरकारले बुझोस्, सुकुमबासीलाई जबर जस्ती सडकमा फाल्नु जति ठूलो गल्ती थियो, अब उनीहरूलाई छिटो र स्थायी बसोबासको व्यवस्थापन गर्ने मूल जिम्मेवारीबाट पन्छिन खोज्नु त्योभन्दा ठूलो अपराध हुने छ। सस्तो लोकप्रियताका लागि राज्यकोषबाट मासिक रकम बाँडेर बस्ने कि दीर्घकालीनरूपमा उनीहरूको पुनर्स्थापना गर्ने ? जति छिटो स्थायी आवासको व्यवस्था गरिँदैन, त्यत्ति नै नागरिकको आक्रोश बढ्दै जाने छ। उनीहरूको आक्रोश सडकमा विष्फोट भए भने सरकारले ठूलो मूल्य चुकाउनुपर्ने निश्चित छ। त्यसैले सरकार आफ्नो संवैधानिक र मानवीय दायित्वबाट पन्छिनेतर्फ अगाडि नबढोस्। सुकुमबासी बस्ती हटाउन हतारो गरेजस्तै स्थायी व्यवस्थापनको काम शीघ्र र प्रभावकारी बनाउन ध्यान जाओस्।

**- विवेक शर्मा**
नयाँ बानेश्वर, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# भारतीय सहयोगमा निर्मित जनता माविको भवन उद्घाटन

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** भारत सरकारको आर्थिक सहयोगमा निर्मित सप्तरी जिल्लाको सुरुंगा नगरपालिकास्थित जनता माध्यमिक विद्यालयको नयाँ भवन उद्घाटन गरिएको छ । बुधबार एक समारोहबीच वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासकी महावाणिज्यदूत देवी सहाय मीना र सुरुंगा नगरपालिकाकी मेयर गीता चौधरीले संयुक्तरूपमा नवनिर्मित भवनको उद्घाटन गरेका हुन् ।

प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत विद्यालय भवनसहितका संरचनाहरू निर्माण गरिएको कार्यक्रममा जानकारी दिइयो । आयोजना सुरुंगा नगरपालिकामार्फत कार्यान्वयन गरिएको थियो । सन् १९५१ मा स्थापना भएको यस विद्यालयमा नर्सरीदेखि स्नातक तहसम्मको कक्षा सञ्चालन हुँदै आएको छ । विद्यालयमा हाल ६२७ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयले जानकारी दिएको छ । उक्त विद्यार्थीमध्ये ३५८ जना छात्रा रहेका छन् ।




सुरुंगा नगरपालिकाकी मेयर चौधरी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूले भारत सरकारले प्रदान गरिरहेको सहयोगका लागि आभार गरे । उनीहरूले नयाँ पूर्वाधारले यस क्षेत्रमा सिकाइ वातावरण बढाउन र शिक्षा क्षेत्रलाई बलियो बनाउन मद्दत गर्ने विश्वास व्यक्त गरे ।

भारतीय महावाणिज्य दूतावासकी महावाणिज्यदूत मीनाले नेपालको शिक्षा तथा अन्य क्षेत्रका पूर्वाधार विकासमा सहयोग गर्ने यस परियोजनाले दुई छिमेकी मुलुकका जनताबीचको सम्बन्ध थप सुमधुर बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । यस परियोजनाको कार्यान्वयनले प्राथमिकता क्षेत्रहरूमा पूर्वाधार विकास र आर्थिक वृद्धि हासिल गर्ने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिविम्बित गर्ने उनको भनाइ थियो ।

# अतिक्रमण हटेपछि चिटिक्क बन्दै सडकपेटी




**राँझा (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिकाले सहरको मुख्य सडक सुर्खेतरोडमा अतिक्रमण हटाएर सडकपेटीलाई व्यवस्थित बनाउने अभियान सुरु गरेसँगै सडकको मुहार फेरिएको छ ।

उपमहानगरपालिकाले सडकपेटी कब्जा गरेर बनाइएका अवैध संरचनालाई धमाधम हटाएर नयाँ स्वरूपमा फुटपाथ निर्माण गरिरहेको छ । अहिले गणेशमानचोकदेखि सुर्खेतरोडको पश्चिमतर्फ बिपीचोक हुँदै धम्बोझी चोकसम्मको क्षेत्रमा सडकपेटी निर्माण कार्य सम्पन्न भइसकेको छ । हिजो भद्रगोल क्षेत्र अहिले सफा, व्यवस्थित र चिटिक्क देखिएको छ ।

सुर्खेतरोडको पश्चिमतर्फको नालादेखि सात फिटसम्मको अतिक्रमित फुटपाथ क्षेत्र खाली गराएर नयाँ निर्माण गरिएको हो । यो सडकपेटी निर्माण केवल हिँड्नका लागिमात्रै नभई सहरको दीर्घकालीन सौन्दर्य र सबै नागरिकको पहुँचलाई ध्यानमा राखेर डिजाइन गरिएको नगरप्रमुख प्रशान्त विष्टले बताए ।

'हामीले सडकपेटीलाई सात फिट फराकिलो बनाएका छौं,' नगरप्रमुख विष्टले भने, 'यो फुटपाथ आम पैदलयात्रीका लागिमात्र होइन, अपांगता भएका व्यक्तिहरू सहजै आवातजावत गर्न सक्नेगरी अपांगतामैत्री बनाइएको छ । यसलाई हरियालीयुक्त बनाउन वृक्षरोपणको काम पनि भइरहेको छ ।'

उपमहानगरपालिकाको यो अभियान धम्बोझीमै रोकिने छैन । धम्बोझीबाट अगाडि बढेर पुष्पलाल चोकसम्मै सडकपेटी निर्माण गर्ने, पैदलयात्रीलाई सहज बनाउने र सडक किनारमा वृक्षरोपण गरी हरियाली कायम गर्ने योजना स्थानीय सरकारको छ । वर्षौंदेखिको गहिरो गरी गडेको अतिक्रमण हटाउन उपमहानगरपालिकाले दृढता देखाउँदै डोजरसमेत प्रयोग गर्नुपरेको थियो, जसको परिणाम अहिले सडकमा प्रस्ट देखिन थालेको नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालको भनाइ छ ।

स्थानीय सरकारको यो कदमबाट नेपालगञ्जका बासिन्दा तथा नागरिक समाज निकै उत्साहित देखिएका छन् । सडकपेटी व्यवस्थित भएसँगै बजार क्षेत्रमा सवारी दुर्घटनाको जोखिम घट्ने र सहरी सौन्दर्यता बढ्ने उनीहरूको विश्वास छ ।

'सडकपेटी निर्माणले पैदलयात्रीलाई आवगमनमा निकै सहजता थपेको छ । यसले सहरको सौन्दर्यतासमेत ह्वात्तै बढाएको छ,' नेपालगञ्जका नागरिक अगुवा तेजविक्रम शाह भन्छन्, 'यो अभियानलाई अझै विस्तार गर्न आवश्यक छ । मुख्य सडक सुर्खेतरोडको दुवैतर्फ यसै गरी व्यवस्थित सडकपेटी निर्माण हुने छ, तब नेपालगञ्जको मुहारमै ठूलो परिवर्तन आउने छ ।' अतिक्रमण हटाएर फुटपाथलाई नागरिकको अधिकारका रूपमा फिर्ता गराउने नेपालगञ्ज उपमहानगरपालिकाको यो प्रयास उदाहरणीय रहेको उल्लेख गर्दै शाहले अब निर्माण गरेको सडकपेटीलाई सधैँका लागि अतिक्रमणमुक्त राख्नु र हरियालीको संरक्षणमासमेत ध्यान दिनुपर्नेमा जोड दिए ।

कुनै समय नेपालगञ्जको मुख्य सडक सुर्खेतरोडको किनारैकिनार हिँड्ने पैदलयात्रीहरू सधैं त्रसित हुन्थे । सडकपेटी (फुटपाथ) त थियो, तर त्यहाँ न मानिस हिँड्ने ठाउँ थियो, न त सहजरूपमा पाइला टेक्न नै मिल्थ्यो । व्यापारीका सामान, ठेलागाडा र अवैधरूपमा ठडिएका भौतिक संरचनाले फुटपाथ पूर्णरूपमा कब्जामा थियो । पैदलयात्रीहरू बाध्य भएर गुडिरहेका गाडीकै बीचबाट जोखिमपूर्ण रूपमा मूल सडकमा हिँड्नुपर्थ्यो ।

अहिले नेपालगञ्जको यो परिदृश्य बदलिएको छ । सडक किनारका अवैध संरचनामाथि स्थानीय सरकारले डोजर चलाएपछि सुर्खेतरोडले नयाँ र आधुनिक रूप लिन थालेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले बताए । *रासस*

# देशकै पहिलो 'योग नगर' घोषणा हुँदै चाँगुनारायण

**भक्तपुर (प्रस)–** चाँगुनारायण नगरपालिकाले आफ्नो नगरलाई 'योग नगर' घोषणा गर्ने भएको छ । नगरपालिकाले मंगलबार यहाँ पत्रकार सम्मेलन गरी सो जानकारी गराएको हो । नगरपालिकाका प्रमुख जीवन खत्रीले यही जेठ ८, ९ र १० गते त्रिदिवसीय कार्यक्रम गर्दै चाँगुनारायण नगरपालिकालाई 'योग नगर' घोषणा गर्न लागेको बताए ।

उनले भने, 'तीन दिनसम्म खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा बिहान ५:०० बजे बृहत् योग विज्ञान शिविर सञ्चालन गर्ने छौं, अन्तिम दिन विशेष कार्यक्रम आयोजना गरी चाँगु योग ज्योति सन्देश स्मारिका सार्वजनिक एवं बागमती प्रदेश सरकारका मुख्यमन्त्रीबाट योग नगर घोषणा गर्नेछौं ।'

योग नगर घोषणासँगै नगरपालिकाले प्रत्येक वडादेखि विद्यालयहरूमा योग शिक्षक उत्पादन गर्न प्रशिक्षण सञ्चालन गर्ने र टोलटोलमा योगलाई विस्तार गर्ने बताए । नगरप्रमुख खत्रीले भने, 'चाँगुनारायणका प्रत्येक वडामा योग प्रशिक्षणदेखि योग शिविरहरू सञ्चालन हुने छ, नियमित योग, ध्यान र प्राणायामले शरीर, मन एवं चेतनालाई सन्तुलित राख्दै शारीरिक र मानसिक स्वास्थ्यलाई तन्दुस्थ राख्न सहयोग पुऱ्याउँछ भन्ने सन्देश जनजनमा पुऱ्याउनेछौं ।' नगरपालिकाले वडाहरूमा नियमित योग शिविर सञ्चालन, विद्यालयहरूमा योग शिक्षा अनिवार्य गर्ने, स्थानीयस्तरमा दक्ष योग प्रशिक्षक उत्पादन गर्ने, योग पार्क एवं ध्यान केन्द्र स्थापना गर्ने, आयुर्वेद र प्राकृतिक चिकित्सासँग समन्वय गर्दै अभियानलाई सञ्चालन गर्ने योजना ल्याएको छ ।

पत्रकार सम्मेलनमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले 'पहिलो सुख निरोगी काया' भन्ने नाराका साथ नगरलाई योग नगर घोषणाले नगरवासीमा उत्साह थपेको बताए । बागमती प्रदेश स्वास्थ्य मन्त्रालय, प्रादेशिक योग समितिका सदस्य नवराज काफ्लेले चाँगुनारायण नगरपालिका देशकै पहिलो योग नगरपालिका घोषणा हुन लागेकाले यो अभियानलाई देशभरि लैजाने बताए ।

# कृत्रिम पोखरीले चुरेको पानी संकट टर्ने दाबी

**सिरहा–** लहान नगरपालिकामा निर्माण सुरु गरिएको नयाँ बहुउद्देश्यीय कृत्रिम पोखरीले चुरे क्षेत्रको पानीको संकट टार्ने र सयौं बिघा जमिनमा सिँचाइ सुविधा पुऱ्याउने सरोकारवालाहरूले दाबी गरेका छन् । जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लहानका वडा नं १५ र १८ मा यसअघि नै नौवटा बहुउद्देश्यीय मानवनिर्मित कृत्रिम पोखरी निर्माण भइसकेको पृष्ठभूमिमा राजदेवी चुरे सामुदायिक वनभित्र पर्ने ढोड्ना खोलाकिनारको १० बिघा क्षेत्रफलमा बृहत् पोखरीको शिलान्यास गरिएको हो ।

स्थानीय जनप्रतिनिधि तथा वातावरणविद्हरूले यस्तो परियोजना चुरे संरक्षण र पर्यापर्यटनका लागि कोसेढुंगा सावित हुने दाबी गरेका छन् । लहान नगरपालिका-१५ का वडाध्यक्ष तेजनारायण चौधरीले पोखरी निर्माणपछि चुरे फेदीका लाग्राहा र आसपासका किसानले राहत पाउने दाबी गरे ।

उनले भने, 'यस वडामा बन्ने नयाँ पोखरीले चुरे फेदीका लाग्राहा र आसपासका करिब ५०० बिघा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्ने छ, जसले किसानको उत्पादकत्व बढाउन प्रत्यक्ष मद्दत पुग्ने छ ।' पोखरी निर्माणपछि पर्यापर्यटनसँगै कृषि क्षेत्रमासमेत सहयोग पुग्ने उनको विश्वास छ ।

त्यस्तै, वातावरणविद् दिनेश यादवले पुराना आहाल र पोखरी मासिएका कारण चुरेमा पानीको मुहान सुक्दै गएको उल्लेख गर्दै यस कृत्रिम पोखरीले 'वाटर रिचार्ज'को मुख्य काम गर्ने दाबी गरे । 'जलवायु परिवर्तनको असरले चुरे आसपासका बस्तीमा पानीको संकट भयावह बन्दै छ । पोखरीहरूले जमिनमा पानी रिचार्जको मुख्य काम गर्छन् । तर, पुराना आहाल र पोखरी नै मासिएपछि जमिन रिचार्ज हुन नपाएर पानीका मूल बर्सेनि सुक्दै गएका हुन् । बर्खाको पानीलाई यस्ता कृत्रिम पोखरीमा जम्मा गरी वरिपरिको जमिनलाई चिस्यानयुक्त बनाइराख्न यो परियोजनाले ठूलो मद्दत पुऱ्याउने छ,' यादवले भने ।

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदीश भट्टले पनि वन क्षेत्रभित्र बन्ने यस्ता पोखरीले वन्यजन्तुको तीर्खा मेटाउनुका साथै जैविक विविधता र माछापालनमासमेत बहुआयामिक फाइदा पुऱ्याउने दाबी गरे । उनले भने, 'यस्ता बहुउद्देश्यीय कृत्रिम पोखरी निर्माणले जैविक विविधताको संरक्षण, पर्यापर्यटनको प्रवर्द्धन, स्थानीयको जीविकोपार्जन र माछापालनमा सहयोग पुग्छ । यसका साथै स्थानीय किसानलाई सिँचाइको व्यवस्था हुनुका साथै जमिनमुनिको पानीको सतह बढाउन 'वाटर रिचार्ज'को कामसमेत हुने छ ।'

लहान नगरपालिकाको समन्वयमा केयर नेपाल, फेकोफन र राष्ट्रिय कृषक समूह महासंघको संयुक्त 'संरक्षण परियोजना' अन्तर्गत १० लाख ५१ हजार रूपैयाँको आर्थिक सहयोग र नगरपालिकाको प्राविधिक सहयोगमा यो पोखरी आगामी एक महिनाभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

लहान नगरपालिकाले चुरे क्षेत्रको पर्यावरण र सुक्दै गएका पानीका मुहान जोगाउने कार्यलाई प्राथमिकतामा राखेको जनाएको छ । चुरे क्षेत्रको संरक्षण र स्थानीयको जीवनस्तर सुधारका लागि एकीकृत प्रयास आवश्यक रहेको उल्लेख गर्दै लहान नगरपालिकाका नगरप्रमुख महेश चौधरीले भने, 'चुरे संरक्षण हाम्रा लागि जीवन मरणको सवाल बनेको छ । वनक्षेत्रमा पानीको संकट हुँदा पर्यावरणमात्र होइन, तल्लो तटीय क्षेत्रको कृषिसमेत संकटमा पर्छ । त्यसैले विभिन्न साझेदार संस्थाहरूसँग समन्वय गरेर हामीले चुरे क्षेत्रमा कृत्रिम पोखरी निर्माणलाई अभियानकै रूपमा अघि बढाएका छौं । नगरपालिका यसको दिगो व्यवस्थापनका लागि सधैँ प्रतिबद्ध छ ।' *रासस*

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०२/०७ गते**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम :** प्रदेश सरकार प्रदेश नं. १ भोक्राहा नरसिंह गा.पा. ५ नं. वडा कार्यालय, सुनसरीमा मिति २०७७/०६/२३ गते, दर्ता नं. ०८/०७७/०७८ मा दर्ता भएको, स्थायी लेखा नं. ६१४८२७६०२ भइ सुनसरी जिल्ला भोक्राहा नरसिंह गा.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री मिजान कृषि तथा पशुपालन फर्म ।**<br>**कर्जाको प्रकारः महिला उद्यमशील कर्जा तथा कैयुम मनसुरीको नाममा प्रवाह भएको कृषि कर्जा र व्यक्तिगत कर्जा** | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सितारा प्रविन**<br>बाबु : अवु सैयद<br>पति : कैयुम मनसुरी<br>ना.प्र.नं.: ०६-०१-७५-११३५२<br>जारी मिति : २०७५/१२/१३, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला ईनरुवा न.पा. वडा नं. ०९ |
| **ऋणी/व्यक्तिगत जमानिकर्ता नाम : कैयुम मनसुरी**<br>बाबु : कलरु मिया<br>बाजे : करिमन मिया<br>ना.प्र.नं.: ०६९६०७/१६६५८<br>जारी मिति : २०३५/०२/२५, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला वबिया गा.वि.स. वडा नं. ०१ को परिवर्तित ईनरुवा न.पा. वडा नं. ०९ | **व्यक्तिगत जमानिकर्ता : रोशन आलम**<br>बाबु : कैयुम मनसुरी<br>बाजे : कलरु मिया<br>ना.प्र.नं.: ८०४३२/८१४३२<br>जारी मिति : २०६०/०५/०८, जि.प्र.का.: सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला वबिया गा.वि.स. वडा नं. ०१ को परिवर्तित ईनरुवा न.पा. वडा नं. ०९ |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>**कैयुम मनसुरीको** नाममा मा.पो.का. इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, बबिया न.पा./गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १ख स्थित कि.नं. ३६३ को क्षेत्रफल ०-१-१८.७५-० (६५६.११ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |
| **२. ऋणीको नाम : धनपत प्रसाद कुर्मी**<br>बाबु : शिव प्रसाद कुर्मी<br>बाजे : पृथ्वी कुर्मी<br>ना.प्र.नं. : ४१९<br>जारी मिति : २०४३/०९/२९, जि.प्र.का : बाँके<br>ठेगाना : बाँके जिल्ला, हिरमिनिया नगर/गाउँ पञ्चायत वडा नं. ०५, को परिवर्तित बाँके जिल्ला, डुडुवा गा.पा. वडा नं. ०६ ।<br>**कर्जाको प्रकार : अटो कर्जा** | **व्यक्तिगत जमानिकर्ता : तिरथराम कुर्मी**<br>बाबु : धनपत कुर्मी<br>बाजे : शिव प्रसाद कुर्मी<br>ना.प्र.नं. : ६६३०२७/१४७<br>जारी मिति : २०६३/१०/१७, जि.प्र.का : बाँके<br>ठेगाना : बाँके जिल्ला, हिरमिनिया गा.वि.स. वडा नं. ०५, को परिवर्तित बाँक जिल्ला, डुडुवा गा.पा. वडा नं. ०६ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>**क) श्री धनपत प्रसाद कुर्मीको** नाममा मा.पो.का बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, हिरमिनिया न.पा./गा.वि.स वडा नं. ५, नक्सा नं. ०३५१५७१, स्थित कि.नं. १८२ र १७२ को क्षेत्रफल क्रमश १२४५.०० व.मी र ३५०.०० व.मी को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>**ख) धनी श्री मञ्जुश्री फाईनान्स लिमिटेड (ऋणी श्री धनपत प्रसाद कुर्मी) को** नाममा दर्ता कायम रहको प्रित ट्याक्टर कम्पनीबाट उत्पादीत मोडल नं. Preet 4549 इन्जिन नं. P345-05910 च्यासिस नं. PCQ4502632 को दर्ता नं. भे १ त ७५६६ को ट्याक्टर एक थान । | |
| **३. ऋणीको नाम :** साझेदारी ऐन, २०२० बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७७/०६/२२ गते, सा.फ.र.नं. ४००/०७७/०७८ भई, स्थायी लेखा नं. ६१४०५७३११ भई बाँके जिल्ला जानकी गा.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री शाईन अटो ट्रेडर्स ।**<br>**साझेदार : सिता राम यादव, शेख प्रवेज आलम**<br>**कर्जाको प्रकार : व्यवसाय डिमाण्ड कर्जा** | **साझेदार/व्यक्तिगत जमानिकर्ता : सिता राम यादव**<br>बाबु : उधौराम यादव<br>बाजे : हलही यादव<br>ना.प्र.नं. : ७१७८<br>जारी मिति : २०५७/१०/२९<br>(प्रथम प्रतिलीपी : २०७७/०७/१७), जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला मनिकापुर गा.वि.स. वडा नं. १ को परिवर्तित नेपालगञ्ज उ.म.न.पा. वडा नं २० । |
| **साझेदार/व्यक्तिगत जमानिकर्ता : शेख प्रवेज आलम**<br>बाबु : शेख जमालुदीन<br>बाजे : शोख साहिद<br>ना.प्र.नं. : ९५<br>जारी मिति : २०५५/०४/०५, जि.प्र.का. : रौतहट<br>ठेगाना : रौतहट जिल्ला कनकपुर गा.वि.स. वडा नं. २ को परिवर्तित गजुरा न.पा. वडा नं. ४ । | **व्यक्तिगत जमानिकर्ता : विनिता यादव**<br>बाबु : जगदीश प्रसाद यादव<br>पती : सिता राम यादव<br>ना.प्र.नं. : ११५४<br>जारी मिति : २०६१/१२/०९, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला होलीया उ.म.न.पा/गा.वि.स. वडा नं. ७ परिवर्तित डडुवा गा.पा.वडा नं. १ । |
| **व्यक्तिगत जमानिकर्ता : बदरुण नेसा**<br>बाबु : शेष साफे अहम्मद<br>पती : शेख प्रवेज आलम<br>ना.प्र.नं. : ३२३०६३/१०७<br>जारी मिति : २०६३/११/१६, जि.प्र.का. : रौतहट<br>ठेगाना : रौतहट जिल्ला कनकपुर गा.वि.स/उ.म.न.पा. वडा नं. २ को परिवर्तित गजुरा न.पा. वडा नं. ४ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>शेख प्रवेज आलमको नाममा मा.पो.का. गुलरिया, बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कि.नं. १०३४ र १००४ को क्षेत्रफल क्रमश ०-८-०.५-० (२७१७.५१ व.मी.) र ०-८-३-० (२७५९.८३ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८३/०२/१४ गते**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९२००० | प्रति तोला – ० | प्रति तोला – ४९६० |

## अर्थतन्त्रको संरचनागत सुधार गर्ने बजेट ल्याउन निजी क्षेत्रको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षको बजेटको तयारी गरिरहेको बेला निजी क्षेत्रले अर्थतन्त्रको संरचनागत सुधार गर्ने गरी रूपान्तरणकारी बजेट ल्याउन सरकारलाई सुझाव दिएको छ ।

अर्थतन्त्रको वर्तमान मोडेलमा आमुल परिवर्तन गर्न निजी क्षेत्रले सरकारलाई सुझाव मात्रै दिएको छैन, त्यसका लागि पूर्ण रूपमा सहयोगी बनेर अगाडि बढ्ने प्रतिबद्धतासमेत जनाएको छ । राजनीतिक रूपमा सरकार पनि नयाँ विचार र सोचसहितको छ । यस्तै, नेपाल उद्योग वाणिज्य महासंघमा पनि नयाँ नेतृत्व चयन भएको छ । अर्थतन्त्रको मोडलमा आमूल परिवर्तन हुने विश्वास सरोकारवालाले व्यक्त गरेका छन् ।

संघीय संसद्का दुवै सदनबाट विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त पारित भइसकेको छ । संविधानको निदृष्ट गरेअनुरूप यही जेठ १५ अर्थमन्त्रीले संघीय संसद्को दुवै सदनको संयुक्त बैठक मार्फत बजेट सार्वजनिक गर्नेछन् ।

महासंघले अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई बजेटका सुझाव पेस गर्दै महासंघले आगामी बजेट केवल सामान्य वार्षिक दस्तावेज मात्र नभई नेपालको आर्थिक इतिहासकै विशिष्ट मोडमा आउन लागेको जनाउँदै अर्थतन्त्रको वर्तमान मोडेलमा आमूल परिवर्तन गर्न सुझाव दिएको छ ।

अर्थमन्त्री डा वाग्लेले पनि नागरिकले अब भाषण होइन, परिणाम खोजेको उल्लेख गर्दै कानुनी सुधार, संस्थागत उत्तरदायित्व, समयसीमा, डिजिटल ट्याकिङ, प्रत्यक्ष अनुगमन र परिणाम मापनलाई राज्य सञ्चालनको केन्द्रमा राखिएको बताएका छन् । उनले पहिलो पटक मिसन मोडका आधारमा अगाडि बढ्न खोजेको स्पष्ट पारेका छन् ।

निजी क्षेत्रले खस्कँदो व्यावसायिक मनोबल उकास्न, बजारमा माग सिर्जना गर्न र रोकिएको लगानी पुनःआर्किषित गर्न, रोजगारी सिर्जना गर्नेगरी बजेटमा नीतिगत सुधारको सुझाव दिएको छ ।

महासंघका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठका अनुसार हालै सार्वजनिक भएको '६ स्तम्भ, ६० पहल' सहितको साझा राष्ट्रिय रूपरेखाले सरकारकै नीति तथा कार्यक्रमलाई सहयोग गर्छ ।

> निजी क्षेत्रले खस्कँदो व्यावसायिक मनोबल उकास्न, बजारमा माग सिर्जना गर्न र रोकिएको लगानी पुनः आकर्षित गर्न, रोजगारी सिर्जना गर्नेगरी बजेटमा नीतिगत सुधारको सुझाव दिएको छ ।

विप्रेषण र आयातमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन नसक्ने बुझाइमा निजी क्षेत्र पनि पुगेको छ । त्यसकारण पनि रूपान्तरणकारी बजेट आउनेमा निजी क्षेत्र आशावादी छ । चालु आवको नौ महिनासम्म कुल रु १६ खर्ब ५९ अर्ब बराबरको विप्रेषण आप्रवाह भएको छ । विप्रेषणको ठूलो हिस्सा उपभोगमा खर्च हुने गरेको छ । आयातमा आधारित अर्थतन्त्रका कारण उद्योग क्षेत्र विस्तार हुन सकेको छैन । बैंक तथा वित्तीय संस्थामा तरलता बढे पनि लगानी विस्तार हुन सकेको छैन ।

हरेक वर्ष कर नीति बदलिने प्रवृत्तिले लगानीकर्ताको विश्वास गुमेको महासंघका अध्यक्ष श्रेष्ठको भनाइ छ । निजी क्षेत्रले सालबसाली आर्थिक ऐनको अस्थिर अभ्यास अन्त्य गरी व्याख्यासहितको एकल राजस्व संहिता लागू गर्न र अधिकार सम्पन्न राजस्व बोर्डको गठन गर्न माग गर्दै आएको छ । आगामी बजेटले अर्थतन्त्रको मोडेलमै रूपान्तरणको जग बसाल्ने उल्लेख गर्दै अर्थमन्त्रीले क्रमशःसुधारका धेरै काम अगाडि बढाउने निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरूसँगको भेटमा बताउँदै आएका छन् ।

महासंघका अनुसार, हाल मुलुकको औद्योगिक उत्पादन क्षमता ४० प्रतिशतमा सीमित भएको छ । निर्माण उद्योग इतिहासकै कठिन मोडमा पुगेको, कुल गार्हस्थ्य पुँजी निर्माणमा निजी क्षेत्रको योगदान विगत चार वर्षमा २८ प्रतिशतबाट घटेर १६ प्रतिशतमा झरेको अवस्थालाई ध्यानमा राखेर बजेट आउनुपर्ने महासंघको कथन छ ।

पछिल्लो पटक मध्यपूर्वमा विकसित सङ्कटका कारण नेपालको वैदेशिक रोजगारी, विप्रेषण र विदेशी मुद्रा सञ्चितिका साथै समग्र अर्थतन्त्रमा झण्डै एक दशमलव आठ प्रतिशत बराबरको नकारात्मक असर पर्नसक्ने महासंघको अनुमान छ ।

यस्तै, नेपालले पाइरहेको जनसांख्यिक लाभ पनि क्रमशः समाप्त हुँदै जाने भएकाले विप्रेषणले धानिरहेको अर्थतन्त्रबाट तत्काल उत्पादनले धान्ने अर्थतन्त्रतर्फ जानुको विकल्प नरहेकोमा निजी क्षेत्र जानकार छ ।

यसैगरी, नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिको पृष्ठभूमिमा स्तरोन्नतिपछि नेपालले पाउँदै आएको प्राथमिकताप्राप्त बजार पहुँच गुम्ने र ढुवानी तथा वित्तीय लागतका कारण नेपाली उत्पादन थप कमजोर हुने जोखिम पनि छ ।

महासंघले यसका लागि निर्यातजन्य उद्योग (कपडा, कार्पेट, गार्मेन्ट, पश्मिना, फेल्ट) का लागि विशेष र दीर्घकालीन एकीकृत नीति ल्याउनुपर्नेमा जोड दिएको छ । नेपाली कम्पनीलाई क्षेत्रीय र अन्तरराष्ट्रियस्तरमा विस्तारका लागि निर्यातबाट आर्जित आम्दानीको निश्चित हिस्सा विदेशमा लगानी गर्न पाउने कानुनी व्यवस्था गनुपर्ने निजी क्षेत्रको ले माग गरेको छ ।

खुला सीमाबाट हुने चोरीपैठारी नियन्त्रण गर्न र साफ्टाअन्तर्गत तयारी वस्तु कच्चा पदार्थभन्दा सस्तो आयात हुने विकृति तत्काल रोक्नुपर्नेछ । रुग्ण उद्योग पुनः सञ्चालनका लागि विशेष कार्यक्रम, ऊर्जा, प्रसारण लाइन, पम्प स्टोरेज, सुरुङमार्ग र औद्योगिक क्षेत्रमा बुट र पिपिपी मोडेल प्रभावकारी बनाउन तथा भायबिलिटी ग्याप फण्डमार्फत निजी लगानी प्रोत्साहन गर्नुपर्नेमा जोड दिइएको छ ।

कृषि, पर्यटन, जडीबुटी, चिया, कफी, सूचना प्रविधि र सेवा निर्यातलाई उच्च प्राथमिकता दिँदै नेपाललाई उपभोक्ता बजारबाट उत्पादन र सेवा निर्यात गर्ने राष्ट्र बनाउन निजी क्षेत्रले सरकारसँग बजेटमार्फत ठोस कदमको अपेक्षा राखेको अध्यक्ष श्रेष्ठको भनाइ छ । निर्यात प्रवर्द्धनमा सहुलियत कृषि, पर्यटन, स्टार्टअप, साना तथा मझौला उद्योगको प्रवर्द्धनलगायत विभिन्न विषयगत श्रेत्रमा सुधारक लागि सरकालाई सुझाव दिएको छ ।

अर्थमन्त्री डा वाग्लेले सरकार र निजी क्षेत्र मिलेरै काम गर्ने उल्लेख गर्दै बजेट सुशासन कायम गर्ने, निजी क्षेत्रको विकासमा बल पुग्ने, लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्न सहयोग गर्नेगरी आउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## नेप्से परिसूचकमा ३० अंकको सुधार

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार भने उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३० दशमलव शून्य आठ अंकले उकालो लागेर दुई हजार ७५४ दशमलव ४८ मा पुगेको छ । यो एक दशमलव १० प्रतिशतको वृद्धि हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६८ अंकले उकालो लागेर ४७१ दशमलव शून्य छ मा पुगेको छ । कूल ३४६ कम्पनीको एक करोड छ लाख ६१ हजार ४७६ कित्ता शेयर रु तीन अर्ब ८२ करोड आठ लाख ९६ हजार ९६६ मूल्यमा खरिद बिक्री भयो ।


## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८३।०२।०७ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८३।०२।१४ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण :**

**१. ऋणीको नामः पंकज कुमार मिश्र** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं (जारी मिति/स्थान): ६६३०१९/२३३०(२०६३/११/२६/बाँके), बाजेको नामः असर्फी लाल मिश्र, बाबुको नामः डिगम्वर मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. सञ्जु देवी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २०४०३(२०४१/०१/३१/सुर्खेत), बाबुको नामः नर बहादुर थापा, ससुराको नामः असर्फी लाल मिश्र, पतिको नामः डिगम्बर मिश्र, ठेगानाः सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।
**ख. सरिता पाठक (मिश्र):** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६ १०१९/२२८५ (२०६८/०७/०४/बाँके), बाबुको नामः राकेश कुमार पाठक, ससुराको नामः डिगम्वर मिश्र, पतिको नामः पंकज कुमार मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं. १६ ।

**२. ऋणीको नामः गजानन ट्रेडर्स** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय नेपालगंजमा दर्ता रहेको), दर्ता नं.: २१६७५/०६९/७०, दर्ता मितिः २०६९/०८/१७, स्थायी लेखा नं.: ६०८८२१४८१, ठेगानाः बाँके जिल्ला, नेपालगंज उ.म.न.पा., वडा नं. १२, कोरियनपुर ।

**प्रोप्राईटरः**
**पंकज कुमार मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६३०१९/२३३०(२०६३/११/२६/बाँके), बाजेको नामः असर्फी लाल मिश्र, बाबुको नामः डिगम्वर मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. सञ्जु देवी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २०४०३(२०४१/०१/३१/सुर्खेत),बाबुको नामः नर बहादुर थापा, ससुराको नामः असर्फी लाल मिश्र, पतिको नामः डिगम्बर मिश्र, ठेगानाः सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।
**ख. सरिता पाठक (मिश्र):** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६१०१९/२२८५ (२०६८/०७/०४/बाँके),बाबुको नामः राकेश कुमार पाठक, ससुराको नामः डिगम्बर मिश्र, पतिको नामः पंकज कुमार मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।

**३. ऋणीको नामः कान्हा डेरी एण्ड जनरल स्टोर** **कर्जा शिर्षकः** आवधिक कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता रहेको), दर्ता नं.: २९०९५/०७५/०७६, दर्ता मितिः २०७५/०७/११, स्थायी लेखा नं.: ६०८६६५७९१, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. ११ ।

**प्रोप्राईटरः**
**सरिता पाठक (मिश्र):** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६१०१९/२२८५ (२०६८/०७/०४/बाँके), बाबुको नामः राकेश कुमार पाठक, ससुराको नामः डिगम्बर मिश्र, पतिको नामः पंकज कुमार मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. पंकज कुमार मिश्रः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६६३०१९/२३३०(२०६३/११/२६/बाँके), बाजेको नामः असर्फी लाल मिश्र, बाबुको नामः डिगम्बर मिश्र, ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।
**ख. सञ्जु देवी:** ना.प्र.प.नं (जारी मिति/स्थान): २०४०३(२०४१/०१/३१/सुर्खेत), बाबुको नामः नर बहादुर थापा, ससुराको नामः असर्फी लाल मिश्र, पतिको नामः डिगम्बर मिश्र, ठेगानाः सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ ।

**ऋणी पंकज कुमार मिश्रको लिलाम हुने धितोको विवरणः**
नर बहादुर थापाको छोरी, असर्फी लाल मिश्रको बुहारी, डिगम्बर मिश्रको पत्नी, सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **सञ्जु देवी**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, फत्तेपुर गा.वि.स./न.पा., वडा नं. ९/ड स्थित कि.न. ९० को क्षेत्रफल ६७७२.६३ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋणी गजानन ट्रेडर्स र ऋणी कान्हा डेरी एण्ड जनरल स्टोरको लिलाम हुने धितोको विवरणः**
नर बहादुर थापाको छोरी, असर्फी लाल मिश्रको बुहारी, डिगम्बर मिश्रको पत्नी, सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **सञ्जु देवी -१** र असर्फी लाल मिश्रको नाति, डिगम्बर मिश्रको छोरा, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **पंकज कुमार मिश्र -१** समेत दुई जनाको संयुक्त नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, बेलभार गा.वि.स./न.पा., वडा नं. ४ स्थित कि.न. ५१७ को क्षेत्रफल २४२.०० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋणी पंकज कुमार मिश्र, ऋणी गजानन ट्रेडर्स र ऋणी कान्हा डेरी एण्ड जनरल स्टोरको लिलाम हुने धितोको विवरणः**
नर बहादुर थापाको छोरी, असर्फी लाल मिश्रको बुहारी, डिगम्बर मिश्रको पत्नी, सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **सञ्जु देवी -१** र असर्फी लाल मिश्रको नाति, डिगम्बर मिश्रको छोरा, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **पंकज कुमार मिश्र -१** समेत दुई जनाको संयुक्त नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं. १६ स्थित कि.न. ३३४ को क्षेत्रफल १४२.७५ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः शिप्रा कुमारी यादव** **कर्जा शिर्षकः** जग्गा खरिद कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १९५५४(२०७३।०२।१०/मोरङ्ग) , बाबुको नामः संजय कुमार, ससुराको नामः कुलेश्वर यादव, पतिको नामः अशोक यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. रिना कुमारी यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७७२२०/७८२२०(२०६०।०१।१८/इनरुवा,सुनसरी) ,बाबुको नामः रमा नन्द यादव, ससुराको नामः कुलेश्वर यादव, पतिको नामः सत्य नारायण यादव, ठेगानाः सुनसरी जिल्ला, सहिवगंज गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ ।
**ख. सत्य नारायण यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६६८०(२०६०।०५।०८/मोरङ्ग) , बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ ।
**ग. सुवोद यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५१०१८/४४१(२०६७।०५।१५/मोरङ्ग) , बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ ।
**घ. अशोक यादवः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७०४५६(२०५९।०७।२६/मोरङ्ग) , बाजेको नामः मोहन यादव, बाबुको नामः कुलेश्वर यादव, ठेगानाः मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ ।

**लिलाम हुने धितोको विवरणः**
संजय कुमारको छोरी, कुलेश्वर यादवको बुहारी, अशोक यादवको पत्नी, मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला बुढीगंगा गा.पा. वडा नं. १ बस्ने **शिप्रा कुमारी यादव**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स./न.पा वडा नं. १/ख स्थित कि.न. ३३५१ को क्षेत्रफल ०-०-१०-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः गणेश भक्त के.सी.** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं (जारी मिति/स्थान): १४८१७(२०४६/०७/०६/सुर्खेत), बाजेको नामः गगन सिं खत्री, बाबुको नामः पुर्ण बहादुर खत्री, ठेगानाः सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताः**
**अमृता के.सी.:** ना.प्र.प.नं (जारी मिति/स्थान): ६८७३३(२०५७/०२/०८/सुर्खेत), बाबुको नामः इन्द्र बहादुर के.सी., ससुराको नामः पुर्ण बहादुर खत्री, पतिको नामः गणेश भक्त के.सी., ठेगानाः सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ ।

**लिलाम हुने धितोको विवरणः**
गगन सिं खत्रीको नाति, पुर्ण बहादुर खत्रीको छोरा, सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने **गणेश भक्त के.सी.**को नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाँडा गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४/ख स्थित कि.न. ३९३४ को क्षेत्रफल ३९५.१७ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः धन बहादुर नेवार** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ५५३१/०५७(२०५७।१२।०५/चितवन), बाजेको नामः ज्ञान बहादुर नेवार, बाबुको नामः मिन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. सुनिता खड्का (नेवार):** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५-०१-७२-०९६६३(२०७२।०९।२७/चितवन), बाबुको नामः राधे खड्का, ससुराको नामः मिन बहादुर नेवार, पतिको नामः धन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३ ।
**ख. झलक बहादुर श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५-०१-७६-१२३९१(२०७६।०८।२४/चितवन), बाजेको नामः मिन बहादुर नेवार, बाबुको नामः धन बहादुर नेवार, ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३ ।

**लिलाम हुने धितोको विवरणः**
ज्ञान बहादुर नेवारको नाति, मिन बहादुर नेवारको छोरा, चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ४ बस्ने **धन बहादुर नेवार**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः
**क.** चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा वडा नं. ७/क स्थित कि.न. २८३ को क्षेत्रफल ०-१-०-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा वडा नं. ७/ख स्थित कि.न. ७१३ र ७१६ को क्षेत्रफल क्रमशः ०-०-६.७५-० र ०-०-३.२५-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९


## बुद्ध एयरको नेपालगञ्ज-पोखरा उडान स्थगन

■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** करिब पाँच वर्षदेखि सञ्चालन हुँदै आएको बुद्धएयरको नेपालगञ्ज पोखरा-सिधा उडान केही समयका लागि स्थगित भएको छ । भारतबाट आउने धार्मिक पर्यटकको संख्या न्यून भएको र इन्धन खर्च बढी भएका कारण पोखरा नेपालगञ्ज सिधा उडान एक महिनाका लागि स्थगन भएको बुद्धएयर, नेपालगञ्ज स्टेशनका प्रमुख विनितविक्रम शाहले जानकारी दिए ।

एक महिना लामो मलमास परेकाले भारतबाट आउने भारतीय पर्यटक नआएका कारण र इन्धन मूल्य पनि महँगो भएका कारण नेपालगञ्ज पोखरा उडान केही महिनाका लागि स्थगित भएको उनको भनाइ छ । पर्यटन प्रवर्द्धन र भारतीय यात्रुलाई सहजता हुने उद्देश्यले विसं २०७८ साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज पोखरा उडान हुने गरेको थियो । सो उडान मंगलबारदेखि स्थगित भएको हो ।

नेपालगञ्ज-पोखरा सिधा हवाई उडान स्थगित भएपछि पश्चिम नेपालका यात्रु, पर्यटन व्यवसायी र सर्वसाधारण निराश देखिएका छन् । उडान रोकिएपछि अब यात्रुले फेरि सडकमार्गबाट कम्तीमा १४ घण्टा लामो यात्रा गर्नुपर्ने बाध्यता देखिएको छ । एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) नेपालगञ्जको पहलमा सो सेवा सञ्चालनमा आएको थियो ।

नाट्टा नेपालगञ्जका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले बुद्ध एयरले नियमित तालिका अनुसारको उडान रोकेको आधिकारिक जानकारी भएको उल्लेख गर्दै उडान अनिश्चित बनेको जिकिर गरे । सरकारले गर्नुपर्ने काम निजी क्षेत्रको अग्रसरतामा भएको थियो तर सरकारले पहल लिन नसकेका कारण नै बन्द हुने अवस्थामा पुग्यो उनको भनाइ छ । पैँतिस मिनेटमै पोखरा पुग्न सकिने सिधा उडान स्थगनभएसँगै यात्रु फेरि लामो र सकसपूर्ण सडक यात्रामा निर्भर हुन बाध्य भएका छन् । बुद्ध एयरले १८ सिट क्षमताकाबीच क्राफ्ट १९०० डी सिरिज जहाजमार्फत सेवा दिँदै आएको थियो ।

उडान सञ्चालनमा आउँदा पर्यटन क्षेत्रमा उल्लेखनीय उत्साह देखिएको थियो । पोखराबाट नेपालगञ्ज हुँदै बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली चिसापानी र राराजस्ता पर्यटकीय गन्तव्य पुग्न सहज भएको थियो भने भारतको लखनउ, कानपुर र दिल्लीबाट आउने पर्यटकलाई पोखरा आवतजावत गर्न सहज भएको थियो ।

उडान सुरु हुँदा न्यूनतम भाडा रु चार हजार ९३५ देखि अधिकतम रु सात हजार ६३५ सम्म निर्धारण गरिएको थियो । यात्रुको चाप बढ्दै गए दैनिक उडानसम्म विस्तार गर्ने योजना बनाइएको थियो । इन्धनको मूल्यवृद्धिले परेको भाडादर हेरफेरपछि यात्रुको चाप घटेकाले उडान स्थगित गर्नुपरेको बुद्धएयर नेपालगञ्जले जनाएको छ ।

## मुक्तिनाथ विकास बैंकद्वारा ह्वीलचेयर हस्तान्तरण



**काठमाडौं (प्रस)–** सामाजिक उत्तरदायित्व अन्तर्गत मुक्तिनाथ विकास बैंकले स्वास्थ्य सेवा सहज बनाउन, समावेशीतालाई प्रवर्द्धन गर्न तथा दिगो विकास लक्ष्यप्रति आफ्नो प्रतिबद्धतालाई थप सुदृढ गर्दै विभिन्न संस्थाहरूलाई व्हीलचेयर सहयोग प्रदान गरेको छ ।

यस कार्यक्रम अन्तर्गत बैंकले धनगढी–०१,कैलाली स्थित सेती प्रादेशिक अस्पताललाई १० थान व्हीलचेयर हस्तान्तरण गरेको छ । उक्त सहयोगले अस्पतालमा उपचारका लागि आउने तत्काल बिरामी, ज्येष्ठ नागरिक तथा हिँडडुलमा कठिनाइ भएका सेवाग्राहीहरूलाई अस्पताल परिसरभित्र सहज र सुरक्षित रूपमा आवतजावत गर्न सहयोग पुग्ने अपेक्षा बैंकले लिएको छ। यसले स्वास्थ्य सेवामा पहुँचलाई थप सहज बनाउँदै सेवाग्राहीमैत्री वातावरण निर्माणमा समेत योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ । त्यसैगरी, बैंकले गोकर्णेश्वर स्थित युवा अपाङ्ग संगठन नेपाललाई पनि १० थान व्हीलचेयर सहयोग प्रदान गरेको छ । उक्त सहयोगले आवश्यकता भएका फरक क्षमता भएका व्यक्तिहरूलाई आवश्यक समयमा सहयोग पुऱ्याउनुका साथै उनीहरूको सम्मानपूर्ण, सहज तथा समावेशी जीवनयापनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ